वर्ष : १७, अंक : ३८, काठमाडौं, २०७८ पुस २३ गते शुक्रबार, 6 January 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

# उपेन्द्र यादवको कथनी र करणीमा छैन कुनै मेल

**मधेश विद्रोहबाट रातारात नेपालको राजनीतिमा उदय भएका जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले विश्वका २६ करोड दलितहरू शोषित र पीडित भएको वक्तव्य दिए । जनकपुरधाममा आयोजित दलित मुक्ति संगठनको राष्ट्रिय भेलाको उद्घाटन गर्दै उनले यस्तो धारणा राखे । उनले दलितका लागि संघीय संसदमा प्रतिनिधित्वको अवसर दिन आरक्षणको व्यवस्थाको कुरा गरे । तर आफ्नै पार्टीभित्र उपेन्द्र यादवले दलितमाथि विभेद गर्दै आएका छन् । उपेन्द्र २०६५ सालदेखि हालसम्म चारपटक सरकारमा सहभागिता जनाए तर एउटा पनि दलितलाई सरकारमा पठाएनन् ।**

मधेशवाणी डेस्क

काठमाडौं । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले वर्ण र वर्ग व्यवस्थाबीच समाजवादको स्थापना असम्भव रहेको बताएका छन् । समाजवादी दलित मुक्ति संगठन नेपालको राष्ट्रिय भेला समुदघाटन कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले मुलुकलाई समाजवादको दिशामा अग्रसर हुन वर्ण र वर्ग व्यवस्था अवरोधकको रूपमा अगाडी आएको बताए । वर्ण र वर्ग व्यवस्थाले जन्माएको असमानता र विभेद बाट विश्वका २६ करोड दलितहरू शोषित र पीडित भएको उल्लेख गर्दै अध्यक्ष यादवले मुलुकमा समाजवाद स्थापनाको उक्त व्यवस्था परिवर्तन आजको मुल आवश्यकता रहेको बताएका हुन् । मधेश आन्दोलनको मुल मन्त्र नै शोषित उत्पिडीतको उत्थान भएकै कारण आरक्षणको व्यवस्था अनुसार दलित, उत्पिडितहरूले संसदमा प्रतिनिधित्व गर्ने अवसर पाएको उल्लेख गर्दै अध्यक्ष यादवले दलित लगायतका उत्पिडित समुदायलाई राजनीतिका साथै न्यायमा समेत पहुँच हुनु पर्नेमा जोड दिए ।



उनले महंगो निर्वाचन प्रणालीका कारण दलितहरू चुनाव लडन बाट बंचित भै रहेको उल्लेख गर्दै आरक्षित निर्वाचन क्षेत्रको व्यवस्था हुनु पर्ने मांग समेत गरे । संविधानमा रहेका त्रुटीहरूले दलित, आदिवासी, जनजाति, मुस्लिम महिला लगायतको समुदायको कल्याण सम्भव नरहेको उल्लेख गर्दै अध्यक्ष यादवले उत्पिडित वर्गको भावना लत्याउदै ल्याईएको संविधान संशोधन अपरिहार्य रहेको दावी गरे ।

**उपेन्द्र यादवको सत्तायात्रा**

संविधानसभाको पहिलो निर्वाचनपछि सबैभन्दा ठूलो दल बन्यो, तत्कालीन नेकपा माओवादी । सो पार्टीका अध्यक्ष प्रचण्डको नेतृत्वको सरकारमा फोरम पनि सहभागी भयो । प्रचण्डका लागि प्रधानमन्त्रीमा तत्कालीन नेकपा एमाले तथा मधेसी जनअधिकार फोरम लगाएका अधिकांश दलले सघाएका थिए । प्रधानमन्त्रीका लागि साउन ३१ गते निर्वाचन हुनुभन्दा अघिल्लो दिन माओवादी अध्यक्ष प्रचण्ड, एमाले महासचिव झलनाथ खनाल तथा फोरम अध्यक्ष उपेन्द्र यादवले सात बुँदे सहमतिमा हस्ताक्षर गरेका थिए ।

प्रचण्डको सरकारपछि माधव नेपालको नेतृत्वमा सरकार बन्यो । त्यसपछि गठन भयो, झलनाथ खनाल नेतृत्वको सरकार । २०६७ माघमा गठन भएको सो सरकारमा सहभागी हुन फोरमले चैत ९ गते सहमति गऱ्यो । सहमति पत्रमा फोरम अध्यक्ष उपेन्द्र यादव, एमाले अध्यक्ष झलनाथ खनाल तथा एमाओवादी अध्यक्ष प्रचण्डले हस्ताक्षर गरे ।

सरकारमा फोरमको तर्फबाट उपेन्द्र यादवले उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्रीसहित नेतृत्व गरेका थिए। सरकारमा फोरमका तर्फबाट यादवका अतरिक्त विजय गच्छदार, जयप्रकाश गुप्ता तथा रेणु यादव मन्त्री भएका थिए । सरकारमा सहभागी भइरहँदा माओवादी र फोरमबीच खासै विवाद भएन । तर सरकार नै असमयमा ढलेपछि त्यसले उल्लेखनीय सफलता पनि पाएन ।

२०६३ सालमा अन्तरिम संविधान जलाएर उदाएका उपेन्द्र यादवले सरकार र सरकार बनाउन आँटेको दलसँग पटकपटक सम्झौता गरेका छन्। २०६४ भदौ १३ को २२ बुँदे सहमति र २०६४ फागुन १६ को ८ बुँदे सहमति भएको थियो। २२ बुँदे सहमति फोरम र ८ बुँदे सहमति संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले सरकारसँग गरेको थियो। संविधानसभाको पहिलो निर्वाचनअघि नै भएको यी दुवै सहमति कार्यान्वयन भएनन्। उनीहरूले यदाकदा यही सहमतिलाई बेवास्ता गरेर संविधान घोषणा गरिएको बताउने गरेका छन् ।

केपी शर्मा ओली नेतृत्वको सरकार ढलेपछि २०७३ साउन १९ मा प्रचण्ड प्रधानमन्त्रीमा निर्वाचित भए । त्यसअघि उनले उपेन्द्र यादवसँग तीन बुँदे सहमति गरेका थिए । 'संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा/संघीय गठबन्धनले नेपाल सरकार समक्ष प्रस्तुत गरेका मागहरू मध्ये संविधानसँग सम्बन्धित रहेका विषयहरूमा सहमतिका आधारमा सरकारले संविधान संशोधनको प्रस्ताव व्यवस्थापिका- संसदमा प्रस्तुत गर्ने', सहमतिको पहिलो बुँदामा उल्लेख थियो।

'सरकार गठन भएको लगत्तै संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा/संघीय गठबन्धनको आन्दोलनको क्रममा तराई मधेसमा भएका हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरूबारे सत्य तथ्य छानबिन गरी प्रतिवेदन पेश गर्न सरकारले सर्वोच्च अदालतका पूर्व न्यायाधीशको अध्यक्षतामा उच्चस्तरीय छानबिन आयोग गठन गर्ने। उक्त आन्दोलनको क्रममा बलिदान भएकाहरूलाई उच्च सम्मान गर्दै सहिद घोषणा गर्ने र पीडित परिवारलाई ससम्मान आर्थिक सहयोग उपलब्ध गराउने। अपांग भएकाहरूलाई क्षतिपूर्ति उपलब्ध गराउने र घाइते भएकाहरूको सम्पूर्ण उपचार खर्च सरकारले ब्यहोर्ने। आन्दोलनका क्रममा लागेका मुद्दा खारेजी गर्ने, फिर्ता गर्ने र बन्दी रिहाइ गर्ने बारे आगामी सरकारले आवश्यक निर्णय गरी शीघ्र कार्यान्वयन गर्ने', दोस्रो बुँदामा भनिएको थियो।

पहिलो, मोर्चाको एक मूख्य घटक

*बाँकी अन्तिम पृष्ठमा*

## अब सशक्तरूपमा प्रस्तुत हुन्छौं : डा.सीके राउत



जनकपुरधाम । धनुषाको पोर्ताहामा प्रहरीले जनमत पार्टीका कार्यकर्तामाथि गोली चलाएको घटनापछि केन्द्रीय अध्यक्ष डा. सीके राउतले प्रहरीमाथि आक्रोश पोखेका छन् । अध्यक्ष डा. राउतले नश्लीय प्रहरीले बन्दुकको दम्भ देखाएको आरोप लगाएका हुन् । घाईते कार्यकर्तालाई भेट्न जनकपुरस्थित प्रादेशिक अस्पताल पुगेका उनले भने- नश्लीय प्रहरीले आफ्नो बन्दु'कको दम्भ देखाएको एउटा उदाहरण हो पोर्ताहा घटना । नरसंहार गर्न खोजिएको छ । यसको जवाफ प्रहरीले दिनुपर्छ ।

प्रहरीले क्रुर दमन नरोके अब नयाँ तरिकाबाट सशक्त रूपमा प्रस्तुत हुने अध्यक्ष डा. राउतले चेतावनी समेत दिए । उनले काठमाडौंमा सिंहदरबार अगाडीकै सडक अवरुद्ध गर्दा पानीको फोहोराले स्वागत गर्ने गरेको र यहाँ शान्तिपूर्ण आन्दोलन गर्दा पनि नरसं'हार गर्न खोजेकोमा दुःख व्यक्त गरे ।
पोर्ताहामा प्रहरीले चलाएको रबरको गोली लागेर ५ जना घाईते भएका छन् । उनीहरू खतरामुक्त रहेको चिकित्सकले जनाएको छ । प्रहरी दमनमा उत्रेपछि जनमत पार्टीका नेताहरूले अब नयाँ रणनीति बनाउने बताएका छन् ।

## त्रिपाठीले दिए प्रधानमन्त्री देउवालाई १०बुँदे माग

काठमाडौं । प्रतिनिधिसभा सदस्य तथा जनता प्रगतिशील पार्टी नेपालका संयोजक हृदयेश त्रिपाठीले प्रधानमन्त्री शेरबहादुर देउवालाई १० बुँदे मागपत्र पठाएका छन् ।
उक्त पत्रमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका प्रभावहीन र गतिहीन रहेको वर्तमान अवस्थामा संविधानको कार्यान्वयनमा वाधा उत्पन्न भई देशको राजनीति नै लिकभन्दा बाहिर गइरहेको उल्लेख गरिएको छ ।
देशको राजनीतिलाई लिकमा ल्याउन संविधान संशोधनदेखि स्थानीय तहको सीमांकन गर्ने उद्देश्यले गठित आयोगको सिफारिस कार्यान्वयनसम्म जोड दिइएको छ ।

## 'नागरिक उन्मुक्ति पार्टी' दर्ता

काठमाडौं । निलम्बित सांसद रेशम चौधरीले 'नागरिक उन्मुक्ति पार्टी' नामक नयाँ राजनीतिक दल गठन गरेका छन् ।
सोमबार चौधरीले श्रीमती रञ्जिता श्रेष्ठको अध्यक्षतामा 'नागरिक उन्मुक्ति पार्टी' नामक नयाँ राजनीतिक दल गठन गरेका हुन् ।
उक्त दल दर्ताको निवेदन दिनका लागि रेशम चौधरीका समर्थकहरू भृकुटीमण्डपमा भेला भएर बाजागाजा, झाँकी र चौधरीको तस्वीर अंकित प्लेकार्डसहित निर्वाचन आयोगमा पुगेको थियो । ऱ्यालीमा चौधरीकी श्रीमतीसमेत सहभागी भएकी थिइन् ।
टीकापुर हत्याकाण्डका प्रमुख आरोपमा रेशम चौधरी जेलमा छन् । जसपाको आधिकारिकता विवाद निरूपणको क्रममा निर्वाचन आयोगले गराएको सनाखतमा उनी तटस्थ बसेका थिए ।

## बजरंग नेपाली आमरण अनसनमा



जलेश्वर । नेपाली कांग्रेसका क्षेत्रीय प्रतिनिधि एवं पूर्वमहासमिति सदस्य बजरंग नेपाली बुधबारदेखि आमरण अनसन (भोक हडताल) सुरू गरेका छन् ।
महोत्तरी संसदीय क्षेत्र नं. ३ लाई षाड्यन्त्रमूलक ढंगले जिल्ला अधिवेशनमा वञ्चित गराउने प्रयास भएको भन्दै त्यसो भएमा मान्य नहुने नेपालीले सम्बन्धित सरोकारवालालाई ध्यानाकर्षण गराएका छन् ।
कांग्रेस केन्द्रीय निर्वाचन समितिले यही पुस २७ गते जिल्ला अधिवेशन मिति तोकेको छ । त्यो अगावै महोत्तरी प्रतिनिधिसभा संसदीय क्षेत्र नं. ३ को स्थगित निर्वाचन प्रक्रिया अगाडि बढाउनुपर्ने माग राखी नेपालीले आमरण अनसन थालेका हुन् ।
बुधबार बिहान ८ बजेदेखि कांग्रेसका पूर्वजिल्ला सचिवसमेत रहेका नेपालीले पार्टी जिल्ला कार्यालय महोत्तरीको जलेश्वरस्थित महेश्वर प्रसाद सिंह स्मृति भवनमा आमरण अनसन बसेका छन् ।

## मधेशप्रति काठमाडौंको दमनकारी मनोभाव



जयप्रकाश गुप्ता

तीन जनामा तेस्रो प्रधानमन्त्रीको कार्यकाल चल्दैछ, अर्थमन्त्रीमा एक जना काँग्रेसको र दुई जना कम्युनिष्टमध्ये दोस्रोको कार्यकाल हो यो । दुई जना कम्युनिष्ट पछि तेस्रो पूर्व कम्युनिष्ट पृष्ठभूमिका र हाल मधेशी दलबाट तेस्रो कृषिमन्त्री भएकाको कार्यकाल चलिरहेको छ । पद सम्हाल्ना साथ पहिला दिनदेखि नै यिनीहरूले किसानलाई रसायनिक मल उपलब्ध गराउने भनेका थिए । यो कुरा अभिलेखमा छ । तर, आज पर्यन्त भएन । एक जना कृषिमन्त्रीले त गत धान बाली सकिए पछि भनेका थिए-" एक महिनाभित्र बंगलादेशबाट मल आएर किसानका खेत बारीको कान्लोहरूमा मल थुप्रिने छन् ।" मन्त्रीले के को भरमा यसो भने होलान् !
मलको मूल्य अन्तर्राष्ट्रिय बजारमा बढ्या बढ्यै छ । सरकार र निजी क्षेत्रका ठेकेदारहरू मलको सहज आपूर्ति गराउन असक्षम देखिएका छन् । भर्खरै अख्तियारले १ अर्ब ५३ लाख रूपियाको बिगो कायम गरेर मल आपूर्तिमा भ्रष्टाचार भएको भनी विशेष अदालतमा मुद्दा दायर गरेको छ । यस मुद्दाको सार नै "कमसल मललाई उपयुक्त ठहर्याई आपूर्ति गरेको" काम हो । यो अपराध हो, तर यस्तो अपराध गरिरहने छूट पाउनु पर्ने व्यवसायीहरूको माग छ । यस्तो छुट नपाएकोले व्यवसायीहरू मलको आपूर्ति गर्न अनिच्छुक देखिएको भनिन्छ । खै, कसरी हो-अख्तियारले कारवाही बढायो । यो कुरा व्यवसायीहरूलाई मन परेको छैन । उनीहरूले मलको आपूर्तिमा सहयोग गरिरहेका छैनन् । यो परिस्थिति देख्दा देख्दै पनि सरकारले वैकल्पिक बाटो अपनाएको छैन । यसअघि सरकारले भारत, जापान र बंगलादेश सरकारहरूसंग सोझै खरीद गरी मल ल्याएको कयौं उदाहरणहरू छन् । अहिले त्यतापट्टी कुनै कदम चालिएको छैन ।
पेट्रोलियम पदार्थको आपूर्तिमा शत्प्रतिशत यही भैरहेको दशकौं भयो । ढुवानीकर्ता, आयल निगम सबै गलत काममा उन्मुक्ति खोजेर सरकारलाई घुँडा टेकाएको र सरकारले घुँडा टेकेको कयौं उदाहरणहरू छन् । यौटा जिज्ञासा, सालबसाल पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय बजारमा मूल्य बढेकै छ । कहिल्यै आपूर्तिमा समस्या देखिएको छ ? के सरकारी अनुदान बढ्याबढेको छैन ? किन सरकारले सहेको छ त यत्रो घाटा ? यदि जनहितमा सरकारले यो घाटा सहेको हो भने, के किसानको सवालमा, त्यो पनि वर्षको मुख्य दुई बाली धान र गहुँमा यस्तो घाटा सरकारले बेहोर्नु हुदैन ? पेट्रोलियम पदार्थमा सरकारले अनवरत घाटा सहन सक्ने तर मलमा त्यो पनि केही समयका लागि किन सहन नसक्ने ?
अहिले पुरै मुलुकका किसानहरूले मल पाइरहेका छैनन् । प्रदेश २ मा किसानहरूबाट यो समस्यामा अगाडी सारिएको छ । संघीय कृषि मन्त्रालय र प्रादेशिक कृषि मन्त्रालय दुबै मधेशी पार्टीको जिम्मामा छ । प्रदेश २ को सरकार रसातल तक भ्रष्टाचारमा डुबेको छ । यिनैको सहयोगमा वर्तमान संघीय सरकार टिकेको हो । यसर्थ संघीय सरकार हर हालतमा प्रादेशिक सरकारको प्रतिरक्षामा उभिएको छ । मधेशको यौटा स्थानीय निकाय अर्थात गाउँपालिकाले किसानलाई वितरण गर्ने गहुँको बीउ लुकाएर राख्दछ । किसानहरूले माग गर्दछ तर पाउँदैनन् । किसानहरूले पालिकाको गोदामबाट बलजफ्ती गहुँको बीऊ लिएर जान्छ । पालिकाको जाहेरीमा संघीय प्रशासनको जिल्ला निकायले किसानहरूका बिरूद्ध आपराधिक मुद्दा दर्ता गर्छ । किसानहरू पक्राउ पर्छन् र विद्रोह शुरू हुन्छ । यस विद्रोहलाई सि.के. राउतको जनमत पार्टीले सडकसम्म पुर्याएको छ । यसका कृयाकलाप र प्रभाव दुष्प्रभावको बारेमा बिभिन्न कोणबाट चर्चा गर्न सकिन्छ । तर, सही मूल्यांकनको लागि तथ्यमा जानु पर्दछ । तथ्य यही हो सरकारले जनता प्रतिको दायित्व पुरा गरेको

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# मधेशमा शीतलहरको कहर

तराई-मधेशमा वर्षेनी शीतलहर तथा चिसोका कारण कैयौं गरिब तथा विपन्न वर्गको ज्यान जाने गरेको छ। चिसोका कारण आमनागरिकको ज्यान जानु राज्यका लागि लज्जास्पद हुनुपर्ने हो। शीतलहरकै कारण मृत्युवरण गर्नुपर्ने अवस्थाबाट मधेशका विपन्नवर्ग गुज्रिरहेका छन्। यसको शीतलहर मात्र नभई गरिबी पनि हो।

हरेक वर्ष पुस महिना लागेदेखि नै कठ्याङ्ग्रिदो चिसो बढ्न थाल्छ। जसबाट बढी प्रभावित मधेशका विपन्नवर्ग हुने गरेका छन्। अहिले तीन तहको सरकार रहेपनि वर्षेनी आइपर्ने यस्ता प्राकृतिक प्रकोपबाट बचाउन ठोस पहल देखिँदैन। जाडोयाममा शीतलहर, हुस्सु वा चिसोलाई रोक्न सकिँदैन तर त्यसबाट हुने मानव क्षतिलाई अवश्य पनि रोक्न सकिन्छ। यसतर्फ कुनै पनि सरकारले पूर्वतयारी वा विपद व्यवस्थापनमा ध्यान दिँदैन। मधेशमा चिसोकै कारण धेरै धनजनको क्षति हुने गरेको विगतका तथ्यांकहरूले देखाउँछ। मधेशमा कयौंको ज्यान चिसोका कारण गएको तितो यथार्थ हामीसँग छ। चिसोकै कारण मृत्युवरण गर्ने तथ्यांक राज्यले संकलन गर्छ तर पूर्वतयारीमा चासो देखाउँदैन। यसको तयारीका लागि ठूलो बजेट वा धेरै समय लाग्ने पनि होइन। यसका लागि सामान्य उपायहरू अपनाइए भने चिसोकै कारण कसैले पनि ज्यान गुमाउन पर्दैन। चिसोबाट जोगिन सामान्य पूर्वतयारी जस्तै, विपन्न तथा गरिबलाई पहिचान गरी कमसेकम न्यानो कपडा, आगो ताप्ने दाउरालगायतको व्यवस्थापन गरियो भने यसबाट मृत्युवरण हुँदैन। चिसो बढेसंगै सुरक्षाका उपायहरू अवलम्बन गर्न आवश्यक देखिन्छ। नागरिकहरू पनि विशेष सचेत हुनुपर्ने अवस्था छ, किनभने यो हरेक वर्ष प्राकृतिक विपदका रूपमा देखापरिरहेको छ, तर

**विगत केही दिनयता बढेको अत्यधिक चिसो र शीतलहरबाट सिरहाको जनजीवन कष्टकर बनेको छ। शीतलहरबाट वृद्धवृद्धा, बालबालिका र श्रमिक सबैभन्दा बढी प्रभावित भएका छन्।**

यसबाट बच्न सकिन्छ र बच्ने उपाय अवलम्बन गर्न आमजनसमुदाय पनि अग्रसर हुनुपर्छ। जाडोबाट जोगिन कोठालाई न्यानो बनाउनुका साथै बाक्लो कपडाहरू लगाउने र तातो खानेकुरा खानुपर्छ। चिसोका कारण श्वासप्रश्वास सम्बन्धी समस्या आउने गर्छन। त्यसबाट निमोनिया जस्ता घातक समस्या देखिन सकिन्छ।

मधेशमा वर्षेनि शितलहरका कारण कतिपय निम्न आय भएका मानिसहरूले ज्यान गुमाउने गरेका छन्। त्यस्तो अवस्था आउन नदिन मानिसहरूले घरभित्रै बस्नुपर्ने, आगो ताप्नुपर्ने, उपलब्ध न्यानो कपडाहरू लगाउनुपर्ने र कुनै समस्या देखिए तत्कालै स्वास्थ्य चौकी जानुपर्ने हुन्छ। विगत केही दिनयता बढेको अत्यधिक चिसो र शीतलहरबाट सिरहाको जनजीवन कष्टकर बनेको छ। शीतलहरबाट वृद्धवृद्धा, बालबालिका र श्रमिक सबैभन्दा बढी प्रभावित भएका छन्। बिहानैदेखि लाग्ने कुहिरोसहितको चिसो हावाका कारण बजार तथा सार्वजनिकस्थलमा चहलपहल कम हुने गरेको छ। जाडोले काममा जान समस्या हुन थालेपछि उनीहरूको हातमुख जोड्ने समस्या हुन थालेको छ।

चिसोका कारण रूघाखोकी, निमोनिया, झडापाखाला, दमजस्ता बिरामी बढ्ने गरेको छ। यस्तो बेलामा रूघाखोकी, निमोनिया, दम तथा झाडापखालाका बिरामीको चाप बढ्ने गरेको छ। चिसोबाट जोगिन जिल्लाको ठाउँ ठाउँमा आगो बाल्ने व्यवस्था मिलाउनुको साथै र शीतलहरबाट पीडितलाई न्यानो लुगा वितरण गर्न आवश्यक छ। अहिले कोरोना महामारी पनि रहेकोले यसबाट बच्नका लागि विशेष सावधानी अपनाउनुपर्ने देखिन्छ। विपद व्यवस्थाका लागि सरकारले विभिन्न संघसंस्थाहरूसमेत खडा गरेको छ। तर त्यसको प्रभावकारिता देखिँदैन। तसर्थ, तीनै तहको सरकारबीच समन्वय र सहकार्य गरी तत्काल शीतलहर र चिसोबाट बचाउन सम्बन्धित सबैको ध्यानाकर्षण होस्। नागरिकको ज्यान जोगाऔं।

# नेतृत्वको आचरणमा सुधार आवश्यक

**विचार - विश्लेषण** भाग-११५



उपेन्द्र झा

**एउटै पार्टीको सरकार चलाउन अपठ्यारो लागेर अहिले ५ दलीय गठबन्धनबाट जसपा पूर्ण सन्तुष्ट देखिएको छ। तल्लोस्तरको सोचबाट प्रेरित यिनीआउँदो चुनावमा कुन हैसियत लिने भन्ने चिन्ताको विषय हुनु पर्ने तर त्यसो केही छैन। निजी स्वार्थबाट प्रेरित विचारलाई मधेशको मुद्दासंग जोडेर सिद्धान्त बनाउने, यो त घोडीको टाउकोमा सिंह उमार्ने जस्तो प्रयत्नहो।**

मधेश आन्दोलन समान अधिकार प्राप्तिको आन्दोलन हो। शदियौंदेखि निकृष्ट शासकीय मनोवृतिले अधिकारविहीनताको अवस्थामा मधेशलाई दोहन, शोषणको केन्द्र बनाई गरिएको भेदभावको उत्पीडनबाट मुक्त गराउने मधेश आन्दोलन हो। हिसावै गर्नेहो भने दास, गुलामसरह जीवनयापन गर्ने मधेशका ८० भन्दा बढी पुस्ताले आफ्नो खून, पसीना बगाएर तयार पारेको मधेशको अधिकारवादी आन्दोलनको इतिहास छ। मधेशलाई अधिकार सम्पन्न गर्नेबाहेक मधेश आन्दोलनलाई तोड्ने, फोड्ने, अपव्याख्या गर्ने, निजी स्वार्थपूर्तिको प्रयोजनमा प्रयोग गर्ने कार्य हुँदै आएको छ।

ठूल्ठूला आन्दोलनहरू भए। मधेशले पनि आफ्नो समस्या राख्न आन्दोलन गऱ्यो। तर मधेशको आवाजलाई साम्प्रदायिकताबाट प्रेरित भएको बुझी यसको अपेक्षालाई महत्व नदिइकन राज्य अगाडि बढ्यो। देखाउन त मधेशले माग गरेको संघीयता र मधेश प्रदेश राज्यले दिएको छ तर मधेशलाई ६ टुक्रा गरि ५ टुक्रा राज्यले आफ्नै कब्जामा राखेको यो कस्तो न्याय हो। मधेशको दोहन, शोषण र भेदभावको मात्रामा किञ्चित खुकुलो गरि मधेशलाई अधिकार सम्पन्न गरेको भ्रमजाल फैलाउनुको कुनै औचित्य छैन। शासकहरूको सोचमा परिवर्तन आउन आवश्यक छ।

मधेश आन्दोलनकै प्रतिफल संविधानसभाको स्थापना भयो। संविधान सभामा मधेशको उल्लेख्य उपस्थितिबाट डराएर नेपाली काँग्रेस, एमाले र माओवादीले पहिलो संविधान सभाबाट संविधान बनाउन चाहेन र दोश्रो जनादेश लिएर संविधान बनाउने तीनै शक्तिको मतैक्यमा ०७० मा संविधानसभाको दोश्रो चुनाव भयो। अधिकारवादी जनप्रतिनिधिहरूको विरूद्ध गरिएको षड्यन्त्रले संविधानसभामा मधेश, थारू, जनजातिहरूको न्यून उपस्थिति देखाएर मनोमानी ढंगको संविधान बनाएको मधेशप्रतिको निकृष्ट सोचको प्रतिफल थियो। मधेशले संविधान घोषणा भएको असोज ३ गतेको दिनलाई कालो दिवसको रूपमा मनायो।

मधेशको मामिलामा लोकतान्त्रिक भन्ने शक्तिहरू पनि साम्प्रदायिक सोचबाहेक भिन्न हुन सकेन। प्रजातन्त्रको पुनर्स्थापनाका बेला मधेशप्रति देखिएको संकीर्ण सोच अभ्यासको क्रममा सुधार हुँदै जाने मधेशले लिएको आशमा त्यसपछिको घटनाक्रमले तुषारापात नै गरि दिएको छ। लोकतान्त्रिक सरकारको सोचमा परिवर्तन नहुनु वर्गीय साम्प्रदायिक सोच हो र यिनी शासकवर्ग हुन्। पूर्ववर्ती सरकार र अहिलेका लोकतान्त्रिक सरकारमा मधेशप्रतिको व्यवहारमा केही नरम देखिएपनि सोचमा कुनै तात्विक अन्तर नरहेको अनेकौं घटनाक्रमले दर्शाएको छ।

लोकतन्त्र स्थापनाको ३२ वर्ष बित्दा पनि हालै सम्पन्न भएको एमाले महाधिवेशन, राप्रपाको महाधिवेशन तथा नेपाली काँग्रेसको महाधिवेशनमा पार्टी संरचनामा मधेशीहरूको प्रतिनिधित्व अति न्यून किन रहेको सन्तोषपूर्ण जवाफ कसैसँग छैन। आधी जनसंख्या ओगट्ने मधेश पार्टीमा २, ४ जना मात्र अटाउन सके। नेपाली काँग्रेसको शीर्ष तहमा पुग्ने विमलेन्द्र निधि आफूमात्र षड्यन्त्रको शिकार भएन, जिल्लामा पनि ठूलो हार बेहोर्नु पऱ्यो। क्रमिक रूपले मर्यादाक्रम पनि ओरालो लागेको अवस्था छ। माओवादीको महाधिवेशन चलिरहेको छ। नेपाली काँग्रेस र एमालेभन्दा बढि मधेशी अनुहार माओवादीले देखाए पनि समानुपातिक प्रतिनिधित्वमा माओवादी पनि अन्यसँग फरक नरह्ने स्थिति देखिन्छ।

मधेश र पहाडिया शासकीय सोचबीच रहेको धर्ती-आकाशका फरक अन्तर्संघर्षका मूल कारण हुन्। मधेशलाई समान अधिकार दिंदा वर्तमान शासकवर्गको अन्त भैजाने भ्रमका कारण न शासकवर्ग जनताप्रति उत्तरदायी बन्न सकेको छ, न लोकतन्त्रलाई नै जनताको घरदैलोमा जान दिएको छ। २४ घण्टै मधेशप्रति कुटिल चालमा व्यस्त राज्य सधैंभरि मधेशलाई आन्दोलित गराई रह्ने वर्गीय संकीर्ण सोच त्याग्न सकेको छैन।

देशमा उठेका माओवादी जनयुद्ध, मधेश विद्रोह, थारू तथा जनजाति आन्दोलनलाई यति सूक्ष्मतम विधिबाट निस्तेज गराएको वर्गीय चिन्तनको परिपक्व पराकाष्ठा हो। अनेक कुटिल चाल, दावपेंच प्रयोग गरि अधिकार आन्दोलनलाई हाल सुसुप्तावस्थामा पठाएर निर्विकल्प शासकको रूपमा आफूलाई उभ्याउनु शासकवर्गको अनौठो क्षमता, योग्यता रहेको कुरा स्वीकार्न करै लाग्छ। तर "म"भन्ने शब्दले राजनीतिमा गहिरो जरा गाडेर बसेपछि भ्रमित राजनीतिकर्मीहरू राजनीति धरातल भास्सिदै गई रहेको, देश अभिभावकविहीन अवस्थामा दुर्दशा भोग्न बाध्य रहेको, जनता भोकमरीमा पर्ने सम्भावना बढ्दै गएको, शक्तिकेन्द्रहरू आफ्नो स्वार्थमा अनावश्यक रूपले देशलाई तान्दै उपनिवेशको अवस्थामा पुऱ्याउने जोखिमलाई किञ्चित पनि अनुभूत गर्न नसकेको सत्ता मद हो कि विनाशकाले विपरीत बुद्धि?

राज्य पुनर्संरचना गरेर समान अधिकार स्थापित गर्ने अधिकार आन्दोलनको लक्ष्यविपरित शासकवर्गले ती शक्तिलाई पछाडि धकेल्न पाएको सफलताबाट सिर्जित अहंकारले आखिर आफैलाई सिध्याउने परिस्थिति निर्माण हुँदै गइरहेको अवस्थाप्रति गम्भीर देखिदैन।

मधेशको अवस्था झन् बदतर अवस्थामा पुगेको छ। राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक कुनै क्षेत्र समस्याविहीन छैन। मँहगी, बेरोजगारी, किसानको समस्या, महिला हिंसा, ठगी, चोरी, भ्रष्टाचार, हत्याहिंसा, बलात्कारपछि हत्या आदिबाट पीडित भएको मधेशलाई सम्हाल्ने, अपराध नियन्त्रण गर्ने, जनताको जन जीविकालाई सामान्य बनाउने, निःशुल्क सेवा क्षेत्र उपलब्ध गराउने, दण्डहीनताको अवस्थाबाट जनतालाई मुक्त गर्ने आदि सामान्य सोच पनि त्यहाँको प्रदेश सरकारको नरहेको हुँदा नै यी असामाजिक तत्वहरू नियन्त्रण बाहिर देखिएको छ।

प्रदेश २ मा जसपाको गठबन्धन सरकार छ। उपरोक्त समस्याबाट जेलिएको प्रदेश नं. २ सबभन्दा बढी अपराधबाट पीडित देखिएको त्यहाँको सरकारका लागि ठूलो चुनौतीबनेको छ। यसबारे सरकारको मौनता, असक्षमताको प्रतीक हो कि यो समस्याहरू संज्ञानमा नआएको हो। ५ दल सम्मिलित प्रदेश सरकारको उदासीनताले नजिकिदै चुनावमा पुनश्च: पद हासिल गर्ने चटारोले सबै खर्चको जोहोमा लागेको होला र यी समस्याहरू प्राथमिकतामा पर्न नसकेको हुन सक्छ तर जिम्मेवारविहीन भएर यथास्थितिमा बस्दा आलोचनाको पात्रहुने यथार्थ पनि छ।

अधिकार आन्दोलनबाट उदाएका मधेशका राजनीतिकर्मीहरू पनि स्वार्थान्धतामा शासकहरू जस्तै धेरै अनैतिक कुराहरू सिकेर आफ्नो आचरण बिगारे। वैचारिक दृढता, सैद्धान्तिक संस्कार, प्रशंसनीय आचार व्यवहार, निष्पक्षता आदि मर्यादित चरित्र कायम राख्न सकेन। शासकहरूले म को प्रयोग गर्दा मधेशका राजनीतिकर्मीहरू पनि त्यसमा सीमित भएर अकूत सम्पत्ति त कमाए तर मधेशको लोकप्रिय नेता बन्न सकेन। मधेशका राजनीतिकर्मीहरूको सैद्धान्तिक स्खलन देखेर नै शासकहरूले मधेशमा खेल्न राम्रो अवसर पायो र मधेशलाई बिगारेर बिकृत अवस्थामा पुऱ्यायो। पथभ्रष्टताको दलदलमा धँस्दै गएपनि आफूलाई मधेशको मसीहा भन्न चाहिं छुटाएको छैन।

संगठित रूपमा मधेशमा जसपा र लोसपा दुईबटा पार्टी छन्। उपेन्द्र यादवलाई गाली गरेर सीके राउत पनि चर्चामा छ। किसान आन्दोलनलाई बलपूर्वक सडक तताउन ल्याएर सीके राउत उही पुरानै थालमा पुरानै खाद्य सामग्रीलाई नयाँ स्वादमा चाख्ने प्रयत्नरत देखिन्छन्। मधेशमा राजनीतिक संस्कारबाट स्खलित हुँदै समग्र मधेशलाई समेट्न छाडेर ८ वटा जिल्लामा सीमित भई जातीय राजनीतिमा सीमित भएका राजनीतिकर्मीहरूको यति संकीर्ण सोचबाट मधेशले के पाउने भन्ने कुरा सबैलाई थाहा छ।

जसपा र लोसपा विभाजन मधेशको लागि दुर्भाग्य थियो भने स्वार्थको व्यापार गर्ने राजनीतिकर्मीहरूको लागि मनोवाँछित वरदान थियो। अराजक रूपमा रहेको बहुस्वार्थको एकीकरणमा टिकाउपन त्यसै पनि रहँदैन। स्वार्थलाई नै राजनीति बुझ्ने मधेशका राजनीतिकर्मीहरू आफ्नो सर्वोपरिता गुम्ने अवस्थामा आएपछि नमिल्ने संस्कार अलग हुने धेरै सम्भावना हामी हेरि रहेका थियौं। एक वर्ष नबित्दै पार्टी विभाजन गरि मनोवाँछित वरदान सबैले पाए।

जसपा लोसपा दुई पार्टी अस्तित्वमा छन्। तर अब अर्कैखाले असन्तुष्टता लोसपालाई गाँजी रहेको छ। जसपा पनि फरक छैन। त्यहाँपनि असन्तुष्टताको खाडल गहिरो हुँदैछ। प्रदेश २ मा दुबैले संघीय सरकारमा र प्रदेश सरकारमा उल्लेख्य सीट हासिल गरि सरकार चलाएका थिए। एउटै पार्टीको सरकार चलाउन अपठ्यारो लागेर अहिले ५ दलीय गठबन्धनबाट जसपा पूर्ण सन्तुष्ट देखिएको छ। तल्लोस्तरको सोचबाट प्रेरित यिनीआउँदो चुनावमा कुन हैसियत लिने भन्ने चिन्ताको विषय हुनु पर्ने तर त्यसो केही छैन।

निजी स्वार्थबाट प्रेरित विचारलाई मधेशको मुद्दासंग जोडेर सिद्धान्त बनाउने, यो त घोडीको टाउकोमा सिंह उमार्ने जस्तो प्रयत्न हो। यो सतही विचारले मधेशको मात्र होइन कि आफ्नो पनि कल्याण नहुने स्पष्ट छ। व्यक्तिको पहाड जस्तो महत्वाकाँक्षाको टकराहटमा आगोको झिल्का आगो सल्काउन पर्याप्त कारण रहेकोले मधेशका पार्टीहरूमा मौसमी टुटफुट भई रहने अस्वाभाविक होइन। १३ वर्षको अभ्यासमा अधिकार आन्दोलनलाई कसरी व्यवस्थित गर्ने भन्ने परिपक्वता नआएको देख्दा दुख लाग्नु स्वाभाविक हो। क्षमता, कुशलता, त्याग, निष्पक्षता, अनुशासन, नैतिकता आदि मानवीय गुणहरूको स्थापन नभएसम्म पार्टीबाट सकारात्मक उपलब्धिको आश गर्नु बेकार हो।

janukjha24@gmail.com

# किसानविरोधीहरूले आन्दोलनलाई बदनाम गराउन खोज्दैछन्



बीपी साह
अध्यक्ष, प्रेस जनमत संघ

मधेशका अधिकांश जनजीवन कृषिमा निर्भर छन्। किसानका समस्या अहिलेको होइन, वर्षौंदेखिको हो। किसानले खेतीपाती गर्ने र त्यसका लागि चाहिने मलखाद्य, बीउबिजन र सिंचाइको आवश्यकता नै अहिलेको हो। त्यसकारणले किसानहरूका लागि यो महत्वपूर्ण समय भएकोले अहिले किसानको आन्दोलन अत्यावश्यक देखियो। जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले मधेश यात्रा गर्दा धेरै किसानहरूले आफ्ना समस्या राख्नुभयो। म आफै पनि कैलाली, कञ्चनपुर, मोरङ, सुनसरी लगायतका जिल्लामा जाँदा त्यहाँ किसानहरूको पीडा हेरें। कैलाली, कञ्चनपुरका किसानहरूले उब्जाएको धान काटिसकेको अवस्था डुब्यो। त्यहाँका किसानको अवस्था एकदमै विकराल देखिसकेपछि यो आन्दोलन अहिले नै गर्नुपर्छ र राज्यले क्षतिपूर्ति दिनुपर्ने, मलखाद्य उपलब्ध गराउनुपर्नेलगायत किसानहरूको जकडिएर रहेका समस्याहरूको समाधान गर्नुपर्छ भनेर यो आन्दोलन सुरू भएको हो। यो हामीलाई मात्रै लागेर होइन, आम किसान, आम सर्वसाधारणलाई महसुस भएर यो आन्दोलन सुरू भएको हो।

जनमत पार्टीले आफ्नो राजनीतिक रोटी सेक्नका लागि मात्रै यो आन्दोलन चर्काएको भन्ने खालका आरोपहरू पनि लाग्यो। तर म एउटा कुरा सोध्न चाहन्छु कि जनमत पार्टीमा कति किसानहरू होलान्? वा जनमत पार्टीको नेतृत्वमा मात्रै कति किसानहरू होलान्? त्यसो भए उखु किसानको भुक्तानी भए जनमत पार्टीका नेता कार्यकर्ताहरूको मात्रै भुक्तानी हुन्छ? मलखाद्य समयमा उपलब्ध गराइयो भने के जनमत पार्टीकै नेता कार्यकर्ताले मात्रै पाउँछन्? के किसानका समस्याहरू समाधान भयो वा पेन्सन दिइयो भने जनमत पार्टीकै नेता कार्यकर्ताले पाउने हो? यो अफवाह फैलाइएको हो। यो आन्दोलनको नेतृत्व जनमत पार्टीले मात्रै गरिदिएको हो। यो आमकिसानहरूको आन्दोलन र माग हो। जुन किसिमले किसान विरोधीहरूले यो आन्दोलनलाई बदनाम गराउन खोजे, त्यो सत्यता होइन।

अहिले भइरहेको किसान आन्दोलनको जनमत पार्टी नेतृत्व मात्रै गरिदिएको हो। यसमा आमकिसानको समर्थन छ, प्रदर्शन र विरोध कार्यक्रममा किसानहरूको पनि सहभागिता छन्। जनमत पार्टी वा किसानहरू कहिल्यै पनि हिंसात्मक आन्दोलनमा विश्वास गर्दैन। जहिले पनि शान्तिपूर्ण तरिकाले आन्दोलन गर्ने, आफ्नो माग राख्ने तर जहाँ प्रहरीले दमन गर्छ, किसानले आफ्नो माग राख्दै गर्दा कसैले अवज्ञा गर्छ भने त्यहाँ प्रतिवाद हुनु स्वाभाविकै हो। यो जुनसुकै आन्दोलनमा हुन्छ। धेरै यस्ता तत्वहरू छन् जसले किसानहरूलाई जहिले दबाएर राख्नेहरू यो आन्दोलनको विरोधमा देखिएका छन्। किसानको आन्दोलनलाई दबाउन खोज्नेहरू नै आन्दोलनको अवज्ञा गर्न खोज्ने, उक्साउने, आक्रोशित पार्ने जस्ता कार्यहरू गरिरहेकाले यो आन्दोलन अलिकति उग्र देखिएको हुनसक्छ। तर नीतिगत रूपमा यो आन्दोलन हिंसात्मक हुनुपर्छ भनेर कसैले भनेको छैन। तर जसले आन्दोलनको अवज्ञा गर्छ, किसानमाथि हस्तक्षेप, लाठीचार्ज, गोली प्रहार गर्छ, त्यस्तो अवस्थामा तिनीहरूमाथि पनि किसानले प्रहार गर्नेछ।

# कोही पनि अधिवेशनबाट वञ्चित नहोस्

**हामी प्रयास गर्दागर्दै पनि नेतृत्ववर्गले जसरी सोच्नुपर्ने हो, त्यस्तो देखिएन। जसले गर्दा अहिले कांग्रेसका लागि यस्तो अवस्था भएको हो।**



## बजरंग नेपाल

**क्षेत्रीय प्रतिनिधि तथा पूर्वमहासमिति सदस्य, नेपाली कांग्रेस**

**० तपाईंको आमरण अनसन किन ?**
– नेपाली कांग्रेसको १४औं महाधिवेशनमा महोत्तरी जिल्ला संसदीय क्षेत्र नं. ३ सहभागी हुन पाएन। मुलुक संघीयतामा आइसकेपछि यो प्रथम महाधिवेशन थियो। केन्द्रीय निर्वाचन समितिले जिल्ला अधिवेशनको मिति तोकेको छ। त्योभन्दा अगावै महोत्तरी प्रतिनिधिसभा संसदीय क्षेत्र नं. ३ को स्थगित निर्वाचन प्रक्रिया अगाडि बढाउनुपर्ने आवश्यक देखिन्छ जसले गर्दा यस क्षेत्रका साथीहरूलाई महाधिवेशन/महासमिति र जिल्ला अधिवेशनमा सहभागी हुन मार्ग प्रशस्त हुन्छ। संसदीय क्षेत्र नं. ३ लाई षड्यन्त्रमूलक ढंगले जिल्ला अधिवेशनबाट वञ्चित गराउने प्रयास भएमा मान्य नहुने कुरा सबै पक्षलाई ध्यानाकर्षण गराउन चाहन्छु। सम्पूर्ण नेतृत्वगण, वर्तमान तथा पूर्वकेन्द्रीय सदस्य, महासमिति/महाधिवेशन, क्षेत्रीय सभापति, पूर्वपदाधिकारी तथा नेपाली कांग्रेस महोत्तरीका सम्पूर्ण सचेत शुभेच्छुकहरूमा संसदीय क्षेत्र नं. ३ को निर्वाचनको लागि सकारात्मक वातावरण निर्माणका लागि यो मेरो आमरण अनसन हो। मैले सबै साथीहरूसँग छलफल गरेर सल्लाहमै आमरण अनसन थालेको हुँ। म एउटा प्रतिनिधि पात्र मात्र हुँ, यदि हाम्रो माग सुनुवाई भएन भने अन्य साथीहरू पनि आमरण अनसनमा बस्नुहुन्छ।

**० महोत्तरी संसदीय क्षेत्र नं. ३ को अधिवेशनपछि मात्रै जिल्ला अधिवेशन हुनुपर्ने तपाईंको मुख्य माग हो ?**
– हाम्रो माग भनेको त्यहीं हो, जिल्ला अधिवेशनभन्दा पहिला क्षेत्र नं. ३ को अधिवेशन हुनुपर्‍यो। यस्तै, मनरा सिस्वाको वडा नं. ८ मा पनि वडा अधिवेशन भएको छैन। यस्तै अन्य कतिपय ठाउँहरूमा अधिवेशनहरू हुन सकेनको छैन। सबै अधिवेशन गराउनुपर्‍यो। कोही पनि वञ्चित हुनुभएन भन्ने हाम्रो माग हो।

**० महोत्तरी क्षेत्र नं. ३ मा कांग्रेसभित्र जहिले पनि विवाद देखिन्छ, किन ?**
– लोकतन्त्रमा पार्टीभित्र दुईटा पद्धति हुन्छ। हामीले या त सहमतीय प्रणाली अपनाउनुपर्ने होइन भने निर्वाचनमा जानुपर्ने हो। तराई-मधेशमा धेरै चुनौतिहरू छन्। हामीले वडादेखि संघीय संसदमा कसरी जित्ने भन्ने मुख्य उद्देश्य हुनुपर्ने हो। यसका लागि हामीभत्रि धेरै द्वन्द्व हुनुभएन। आपसमा सामन्जस र सहमति गरेर जाँदा राम्रो हुन्छ। हाम्रो उद्देश्य पनि नेपाली कांग्रेसलाई महोत्तरीमा पूर्ववत् अवस्था अर्थात् पहिला जसरी कांग्रेसको राम्रो उपस्थिति थियो, त्यसरी पुनः स्थापित गराऔं भन्ने मनसाय रहेको छ। त्यसका लागि हामीले गत निर्वाचनमा पनि धेरै प्रयास गर्‍यौं। हामी प्रयास गर्दागर्दै पनि नेतृत्ववर्गले जसरी सोच्नुपर्ने हो, त्यस्तो देखिएन। जसले गर्दा अहिले कांग्रेसका लागि यस्तो अवस्था भएको हो। हाम्रो यस क्षेत्रका श्रद्धेय नेताहरू हुनुहुन्छ, पूर्वकेन्द्रीय सदस्य रामचन्द्र तिवारी, नरेन्द्र प्रसाद मिश्र, कामेश्वर पाण्डेय, शम्भुनारायण पाठक र पालिकाका सभापतिहरू हुनुहुन्छ सबैलाई हामीले आग्रह गर्‍यौं कि अहिले पनि केही गएको छैन। हामीभित्र जति सहज वातावरण हुन्छ, त्यति नै भोलि आफ्नो प्रतिद्वन्द्वीहरूसँग प्रतिस्पर्धा गर्न सजिलो हुन्छ भन्ने किसिमको हामीले आग्रह गरेका छौं। परिस्थिति अनुकूल बनाउँदा-बनाउँदै पनि बिग्रिन्छ। यसमा व्यक्तिगत टकरावका कुराहरू छन्। तर मलाई विश्वास छ कि अलि ढिलो भएपनि यसको परिणाम सकारात्मक नै आउँछ।

**० खासगरी नेपाली कांग्रेसको प्रदेश नं. २ मा सबभन्दा बढी विवाद देखियो। केन्द्रीय महाधिवेशनमा प्रदेश नं. २ का प्रतिनिधिहरू सहभागी हुन पाएनन्। केन्द्रीय नेतृत्वले प्रदेश नं. २ लाई महाधिवेशनमा सहभागी हुनबाट किन वञ्चित गरायो त ?**
– हाम्रो त आग्रह छ कि हाम्रा श्रद्धेय नेताजीहरूले संयमतापूर्वक व्यक्तिगत अहमतालाई छोडेर पार्टीको हितमा सोच्नुपर्ने हो। लोकतन्त्रको विधि पद्धति भनेको सहमतीय र निर्वाचन नै हो। सहमतीय पद्धतिमा पनि सबै अट्दैनन् तर धेरै साथीहरूलाई सम्बोधन गर्न सकिन्छ। दोस्रो कुरा भनेको निर्वाचन पद्धति हो। निर्वाचन पद्धतिमा जो विजयी हुनुहुन्छ, उहाँहरूमा नम्रता हुनुपर्‍यो, सबैलाई समेटेर लैजाने भावना हुनुपर्‍यो। जो साथी उपविजेता हुनुहुन्छ उहाँको पनि धर्म हो कि लोकतन्त्र पराजित भएपछि साथीहरूले जुन म्यान्डेड दिए त्यसलाई स्वागत गर्नुपर्‍यो र त्यसलाई आत्मसात गर्नुपर्‍यो। नेपाली कांग्रेसका लागि त्यो अत्यन्त आवश्यक छ। क्षेत्रको लागि हाम्रा नेता रामचन्द्र तिवारीलाई अभिभारा दियौं कि तपाइँ सबैको केन्द्रबिन्दू बन्नुस्, सबै नेता बन्नुस्। उहाँ सबै नेता बनिदिएको भए आज यो अवस्था आउने थिएन। त्यसैको परिणाम हो कांग्रेस दिनप्रति दिन यो क्षेत्रमा कमजोर बन्दै गएको हो। अझै पनि मौका छ, उहाँ सबै नेता बनिदिनुभयो भने आगामी दिनमा समग्र कांग्रेसको लागि राम्रो हुनेथियो।

**० तर केन्द्रीय नेताहरूले तपाईंहरूको समस्यामा किन चासो देखाउनुहुन्न ?**
– केन्द्रीय नेताहरूलाई पनि हामीले जानकारी गराएका छौं, उहाँहरूले चासो राख्नुभएको छ। स्थानीय समस्याहरूले गर्दा जटिलता देखिएको हो। हाम्रा पनि स्थानीय समस्याहरू छन्। अहिले देशभरि कांग्रेसको चुनाव थियो। त्यसमा हाम्रा केन्द्रीय नेतृत्वहरू लाग्नुभएको थियो। तर हाम्रो जिल्लामा रहेका केन्द्रीय सदस्य, केन्द्रीय नेता, पूर्वजिल्ला सभापतिहरूले अलिकति प्रयास गरेको भए यस्तो जटिलता आउँदैनथ्यो। तर उहाँहरू उदासीन बस्नुभयो, भूमिका गर्न सक्नुभएन। अहिले कांग्रेसमा धेरै युवापिढीहरू आइसकेका छन्। सबै भविष्य कांग्रेससँग जोडिएको हो। हाम्रा जति पनि भ्रातृ शुभेच्छुक संस्थाहरू छन्, सबैको चाहनाको कि कांग्रेस सवल र सक्षम होस्। प्रयास जारी छ, हेरौं सफल हुनुपर्ने हो।

**० जिल्ला अधिवेशन तोकिसकेको छ, तर तपाईंको मागअनुसार पहिले क्षेत्रीय अधिवेशन होला ?**
– हाम्रो महामन्त्रीजीले फोन गर्नुभएको थियो र जिल्लाका निर्वाचन अधिकृतले सूचना दिनुभयो कि अहिले जिल्लाको अधिवेशन मिति सरेको छ। पुस २७ गतेको लागि तोकिएको जिल्लअ अधिवेशन माघ १५ गतेका सऱ्यो भन्ने अनौपचारिकरूपमा सूचना पाएका छौं। त्यसका लागि अब केन्द्रले जिल्लासँग समन्वय गरेर कुनै किसिमको सकारात्मक निर्देशन दियो भने हामी विचार गर्छौं।

**० भनेपछि जिल्लाभन्दा पहिले संसदीय क्षेत्र नं. ३ को अधिवेशन हुने संकेत देख्नुभएको हो ?**
– हामी धेरै मागहरू गरेका छैनौं। यहाँ कुनै किसिमको बार्गेनिङ्ग छैन। हाम्रो कुरा के छ भने हामीबीच स्थानीयरूपमा जुन मिस अन्टरस्टेन्डिङ्ग छ, त्यसलाई हटाउनका लागि क्षेत्रीय सभापतिले सकारात्मक पहल गरिदिएको भए यो अवस्थै आउने थिएन। क्षेत्रीय सभापतिले पहल नगरेकोले हामी बाध्य भयौं र आमरण अनसन बस्नुपर्‍यो। अब केन्द्रले नै कुनै विश्वासिलो आधार हामीलाई दिन्छ भने हामी विचार गर्छौं। यो हाम्रो क्षेत्रीय अधिवेशनको मात्रै कुरा छैन यसमा जिल्ला पनि संलग्न छ। मैले सबै साथीको सल्लाहमा अग्रसर भएर मात्रै भूमिका निर्वाह गरेको हुँ। हाम्रा माग समबोधन भएन भने अन्य साथीहरू पनि थपिनु हुन्छ। त्यसले केन्द्रबाट कुनै त्यस्तो आश्वासन आयो भने हामी साथीहरूसँग समन्वय गरेर आमरण अनसनलाई स्थगन गर्न सक्छौं। कोही पनि अधिवेशनबाट वञ्चित हुनुभएन। सबैले सहभागिता जनाउन पाउनुपर्‍यो भन्ने हाम्रो मान्यता हो। लोकतन्त्रमा यो आवश्यक हो। हेरौं अब यसको परिणाम कस्तो आउँछ।

# सीकेले किसानको नाममा राजनीतिक रोटी सेक्ने काम बन्द गर्नुपर्छ

**सीके राउतले किसानका कुन मुद्दा नयाँ उठान गर्नुभएको छ ? किसानको समस्या आजको हो ? वर्षौंदेखिको समस्यालाई हामी दीर्घकालीन समाधान गर्न चाहिरेका छौं। यसरी उच्छृंखल भएर मुद्दाहरू समाधान हुँदैन।**



## योगेन्द्र राय यादव

**राज्यमन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी, प्रदेश नं. २ तथा केन्द्रीय सदस्य, जनता समाजवादी पार्टी नेपाल**

**० अहिले किसानहरू आन्दोलित छन्, प्रदेश सरकार के गर्दैछ ?**
– किसानको नाममा आफ्नो राजनीतिक रोटी सेक्ने पात्रहरू अहिले सक्रिय भएका छन्। यो कुनै किसान आन्दोलन होइन। किसानका समस्या आजका होइनन् र आन्दोलन पनि पहिलोपटक होइन। अस्ति उखु किसानहरू आफ्नो भुक्तानीका लागि त्यत्रो आन्दोलन गर्दा तिनीहरू कहाँ थिए ? कहिलेसम्म जनतालाई ठग्ने हो ? हिजो स्वतन्त्र मधेशको कुरा गर्ने, मधेश स्वराज भन्नेहरू आज ठूलो क्रान्तिकारी भएका छन्। हिजो पनि स्वतन्त्र मधेशको नाममा मधेशका युवाहरू दिग्भ्रमित गरेका थिए। त्यो मुद्दा उठाएर स्थापित हुन नसकेपछि अहिले किसानको नाममा उच्छृंखल गतिविधि गर्दैछन्। किसानको नाममा आफ्नो राजनीतिक स्वार्थ पूरा गर्ने जुन हर्कत छ, त्यसलाई आमजनताले बुझिरहेका छन्। त्यसैले किसानजस्तो पवित्र शब्दलाई अपमान नगरौं। जनकारबाही जस्तो महत्वपूर्ण शब्दलाई दुरूपयोग नगरौं। एउटा विद्वानले विद्वता प्राप्त गरेका हुन् कि विद्वताको नाममा उच्छृंखल गतिविधि अगाडि बढेको हो, त्यो पनि जनताले हेरिरहेका छन्।

**० त्यत्रो बन्द हडताल, जुलुस भइरहेको छ, किसान आन्दोलन होइन ?**
– कहीं बन्द हडताल छैन। म आफ्नै गृहजिल्ला रौतहटभरि घुमें, मैले एक जना पनि आन्दोलनकारी भेटिन। सामाजिक सञ्जालमा हल्ला मात्रै गरेका छन्, तर यथार्थमा बन्द हडताल केही पनि छैन। बन्द कहाँ छ भनेर त हामी खोजिरहेका छौं। यो बकवास हो, काठमाडौं र बाहिरियालाई देखाउने र त्यसबाट केही पाउने स्वार्थका निम्ति त्यस्तो भइरहेको छ।

**० कैयौं ठाउँमा प्रहरीसँग झडप पनि भयो, प्रहरीले गोली पनि चलायो, त्यो हेर्नुभएन ?**
– राज्यले शान्ति सुरक्षा व्यवस्था स्थापना, जनताको मौलिक हकअधिकारका लागि, सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउनका लागि राज्यको दायित्व हो, आफ्नो तन्त्रलाई प्रयोग गर्नु। हिजोसम्म सीके राउतलाई तराई मधेशका जनताको गाउँ कहाँ छ भन्ने थाहा थिएन। म एउटा जनताबाट निर्वाचित प्रतिनिधि हुँ, तर मलाई अहिलेसम्म कोट, पाइन्ट, टाइ लगाउने हैसियत भएको छैन। हामी मधेशका पिछडिएका, आर्थिकरूपमा विपन्नहरूका लागि मुक्तिको आन्दोलन गाीररहेका छौं। जहाँ मधेशका जनताको खुट्टा नाङ्गो छ, यो जाडोमा न्यानो लुगा लगाउन सकेको छैन तर सीके राउतको जीवन शैली हेर्दा उसले किसानका लागि आन्दोलन गरिरहेको छ भन्ने कसरी विश्वास गर्ने। सोझा किसानको नाममा राजनीतिक रोटी सेक्नु हुँदैन। किसानका मुख्य समस्याहरू धेरै छन्, त्यो आजको नयाँ होइन।
किसानका मूलभूत समस्याहरू मलखाद्य, बीउ बिजन र सिंचाइ हो। यो देशमा मलखाद्यको कारखाना छैन, सरकार टु सरकार खरिद गर्ने भनेर संघीय सरकारका कृषिमन्त्रीले निर्णय गर्नुभएको छ। अबको केही दिनमै मलखादको सहज उपलब्धता हुन्छ भनेर सरकार लागिपरेको छ। हामी प्रदेश नं. २ सरकारलो बीउबिजन प्रयोगशालामार्फत् किसानलाई उपलब्ध गराउनेतिर हामी लागेका छौं। सिंचाइका लागि पनि हामी विभिन्न योजनाहरू बनाइरहेका छौं। यो आज एक दिनमा आएको समस्या होइन। वर्षौंदेखिको समस्यालाई दीर्घकालीन समाधानका लागि समय लाग्छ। भनेपछि आफूलाई राजनीतिमा स्थापित हुनका लागि गर्ने नाटकलाई सबैले बुझेका छन्। त्यसैले यो कुनै किसान आन्दोलन होइन।

**० यो किसान आन्दोलन होइन कसरी भन्नुहुन्छ ?**
– यो बिल्कुलै किसान होइन, नाटक हो। नेपालको राजनीतिक वृत्तमा स्थापित हुनका लागि विगतदेखि नै विभिन्न किसिमका गरेको नाटक हो। सीके राउतको नाटकलाई हामीले बडो राम्रोसँग बुझेका छौं। हिजो आममधेशी युवालाई स्वतन्त्र मधेश र मधेश स्वराजको नाममा दिग्भ्रमित गरे, त्यसमा सफल हुन सकेन। उसको अलग देश, स्वराज मधेश, गान्धी, नेल्शन मण्डेला, बुद्धको सिद्धान्त कहाँ गए ? गान्धी, मण्डेला जस्ता महान व्यक्तित्वको नाममा उच्छृंखल गतिविधि गर्न सीके राउतलाई लाज लागेन ? यो कानून राज हो, यस्ता उच्छृंखल गतिविधि गर्नेलाई कारबाही गर्ने पनि राज्यका अंगहरू छन्।

**० तर जनमत पार्टीले किसानका लागि उठाएका मुद्दाहरू सही हो नि ?**
– सीके राउतले किसानका कुन मुद्दा नयाँ उठान गर्नुभएको छ ? किसानको समस्या आजको हो ? वर्षौंदेखिको समस्यालाई हामी दीर्घकालीन समाधान गर्न चाहिरेका छौं। यसरी उच्छृंखल भएर मुद्दाहरू समाधान हुँदैन। किसानको नाममा आफ्नो राजनीतिक रोटी सेक्ने जुन दाउ छ, त्यसको हामी विरोधी छौं। आफ्नो राजनीतिक स्वार्थ पूर्तिका लागि गरिएको नाटक मात्रै हो। किसानको समस्याप्रति राज्या गम्भीर छ र सम्बोधनको दिशा अग्रसर छ। राज्यको सामर्थ्यले भ्याउँछ भने यहाँ मलखाद्य कारखाना पनि स्थापना हुन्छ। तर अहिले गरिएको आन्दोलनको कुनै तुक छैन। यो किसानको आन्दोलन नै होइन। किसान जस्तो पवित्र शब्दलाई कुनै व्यक्तिले आफ्नो स्वार्थ पूर्तिका भजाउने काम गर्नु हुँदैन।

**० किसान आन्दोलनमा सीके राउतका कार्यकर्ताहरू मात्रै छन् त ?**
– सीके राउतको आन्दोलनमा जनताको कुनै उपस्थिति नै छैन। सामाजिक सञ्जालमा मच्चाइएको हल्लालाई हामी जनताको आन्दोलन मान्दैनौं। किसानलाई भजाएर किसानको नाममा आफ्नो स्वार्थ पूरा गर्ने एक प्रकारको प्रपञ्च हो। सुटबुटबाट बाहिर आएर जनताको बीचमा गएर राजनीति गर्न सीके राउतलाई मेरो सल्लाह।

**० आगामी चुनावबाट सीके राउतले प्रदेश नं. २ मा क्लिनस्वीप गर्ने दाबी गर्नुभएको छ। भनेपछि तपाईंहरूको प्रमुख प्रतिद्वन्द्वी सीके राउतकै पार्टी होला नि ?**
– भो। पहिला पनि हामीले हेरिसकेका छौं। गत चुनावमा सीके राउतले कोठली बाहर मतदान भनेर अभियानै चलाउनुभएको थियो। कतिको परिणाम आयो, उहाँलाई राम्ररी थाहा छ। अस्ति उपनिर्वाचनमा पनि उहाँको शक्ति देखियो। कतिपय ठाउँमा त आफ्नो जमानत पनि जोगाउन सक्नुभएन। त्यसैले हामी हेरौंला नि प्रदेश २ मा क्लिनस्वीप गर्नु हुन्छ, आफै हुनुहुन्छ। त्यो त आगामी दिनले देखाउनेछ।

**० आगामी चुनावमा जसपाले पाँच दलीय गठबन्धनमा चुनाव लड्दा मधेशलाई घाटा हुँदैन ?**
– मधेशलाई कुनै घाटा हुँदैन बरू हामी समग्र नेपालमा आफ्नो उपस्थिति दर्ज गराउँछौं। उपेन्द्र यादवजी आफैमा एउटा आदर्शवादी र वैचारिकरूपमा सवल पात्र हुनुहुन्छ। उहाँले यो देशमा मधेशी, दलित, थारू, मुस्लिम, महिला, हिमाल पहाडका उतपीडितको मुक्तिका निम्ति वैकल्पिक राजनीतिक धारको विकास गरिसक्नुभएको छ। एउटा प्लेटफर्म निर्माण भइसकेको छ। आज जसपा नेपाल केन्द्रको सरकारमा पनि छ र लगभग सबै प्रदेशमा प्रतिनिधित्व गरिरहेको छ। अब हामी हिमाल-पहाडमा उक्लिरहेका छौं। परिवर्तनकारी शक्तिसँग हामीले गठबन्धनको अभ्यास गरेका छौं। जसले संघीयतालाई स्वीकार गरे, लोकतन्त्र, गणतन्त्रलाई जसले स्वीकार गरे। यो अतिवादी र संघीयताविरोधीहरू बीचको गठबन्धन होइन। जसपाले आगामी निर्वाचनमा अहिलेको भन्दा बढी सिट ल्याउँछ।

**० लोतान्त्रिक समाजवादी पार्टीसँगा जसपाको सहकार्य वा गठबन्धनको सम्भावना अझै छ कि छैन ?**
– गठबन्धन र सहकार्यको न्यूनतम् साझा बिन्दूहरू छन्। पार्टीको रूपमा हामी सहकार्य गर्ने हो। लोसपाको विचारधारा के हो त्यो हामी बुझ्न सकेका छैनौं। लोसपा भनेको कुनै पार्टी नै होइन। अहिलेसम्म लोसपाको केन्द्रीय समितिको बैठक बसेको छैन, कुनै वर्गीय संगठन छैन, जिल्लामा पनि संगठन छैन। सदस्यता वितरण तथा संगठन निर्माणका केही पनि भएको छैन। त्यो एउटा क्लब हो, त्यसमा सेयरहोल्डरहरू छन्। त्यसमा प्रतिशत मुनाफामा काम गरिरहेका छन्। पार्टी भनेको विचार हो, संगठनात्मक संरचना हो र नेतृत्वको नेतृत्वदायी भूमिका हो। लोसपामा यी केही पनि छैन। जसपासँग लोसपाको तुलना नै नगर्नु।

# किसान आन्दोलनमा सीके राउतको घुसपैठ



**सीके राउत आफ्नो दलीय स्वार्थभन्दा माथि नउठी अहिलेको किसान आन्दोलन आम किसान आन्दोलनमा परिणत हुन् सम्भव छैन र यसैकारण किसान आन्दोलन तुहिए त्यसको दोषी सीके राउत नै हुनेछन् । त्यस अवस्थामा इतिहासले किसान आन्दोलनमा उसको घुसपैठ भएको नै भन्ने छन्, त्यसैले खुल्ला हृदयले यसलाई बृहत रूप दिने प्रयास गर्नुपर्छ ।**

सन्तोष मेहता

किसानका मुद्दा उठाएर करिब दुई हप्तादेखि पूर्व-पश्चिम राजमार्ग अवरूद्ध पार्दै सीके राउतका कार्यकर्ताले आन्दोलन चर्काइरहेका छन्, मधेशका जिल्लाहरूमा दिनहुँ झडप भइरहेको छ । राजमार्ग बन्द गराउन आउने आन्दोलनकारीलाई सडकबाट तितरबितर पार्न सुरक्षाकर्मीले सधैं बल प्रयोग गर्ने अरेको छ । किसानको माग सम्बोधन गर्न उच्चस्तरीय समिति गठन गर्नुपर्ने, समयमा मल र बीउको व्यवस्था गर्नुपर्ने, सिँचाइको व्यवस्था हुनुपर्ने, सिँचाइका लागि निःशुल्क विद्युत दिनुपर्ने, हावाहुरी र वर्षाले भएको बालीको क्षतिपूर्ति दिनुपर्नेलगायत माग पूरा गर्न दबाब सिर्जना गर्न सीके राउत पहिलेको पहिचानभन्दा फरक, उग्र र अराजक बन्दै गैरहेको छ । पृथकतावादी गतिविधि छाडेर मूलधारको राजनीतिमा होमिएको राउतले मधेशको मूल राजनीतिक मुद्दा छाडेर स्थानीय तहको अनियमितता र ढिलासुस्तीका विषय समातेर रौद्र आन्दोलन गर्दै छन् ।

मधेश आन्दोलन हुँदा उनीहरूले सुन्दर सपनाको मधेश परिकल्पना गरेका थिए, जनतालाई अनेकौं आश्वासन बाँडियो, संघीयता पनि आयो तर सोचे अनुरूप त्यो पूरा नभएपछि निराश भएका जनतालाई आफ्नो पक्षमा तान्ने प्रयासमा सीके राउतको पार्टी लागेको छ । जनकपुरमा राउत बस्दै आएको क्षेत्रमा वर्षाको पानीले सडक हिलाम्य हुने समस्या धेरै दिनसम्म समाधान नभएपछि स्थानीयले सम्बद्ध निकायमा पटक-पटक गुनासो गरे पनि सुनुवाइ नभएको अवस्था भएपछि खानेपानी तथा ढल निकास कार्यालयका कर्मचारी राजेश्वर कुशवाहालाई मोसो दलेर शहर घुमाइयो । केही दिनअघि सिरहाको औरही गाउँपालिकामा गहुँको बीउ वितरणमा ढिलाइ भएपछि आक्रोशित स्थानीयले राउतकै सहयोगमा लुटेर लगे । लुटपाटमा संलग्न केहीलाई स्थानीय प्रशासनले पक्राउ गरेर मुद्दा चलायो । यस विरूद्ध उसका कार्यकर्ताले पक्राउ परेका किसानको रिहाइको माग गर्दै चक्काजाम र जथाभावी तोडफोड मच्चाउन थाले । त्यसलाई रोक्न प्रहरीले बल प्रयोग गर्दा झडप र निषेधाज्ञासम्मको अवस्था सिर्जना भयो ।

किसानको रिहाइको एकबुँदे मागसहित शुरू भएको किसान आन्दोलनबाट पाँचबुँदे सात त्यसपछि दश हुँदै अहिले १२ बुंदे पुऱ्याइएको छ । खासमा किसानको समस्या समाधान होस् भन्ने उसको चाहना नै होइन, आफ्नो पार्टी स्थापित होस् भन्ने चाहनाबाट आन्दोलन प्रेरित छ । किसानको समस्या हल होस् भन्ने चाहना भएको भए त्यसको आवश्यक तयारी र अन्य पक्षसँग सहकार्यको अपेक्षा एवं प्रयास गर्थियो । तथापि, उसको भित्रि चाहना जे भए पनि किसानका समस्या जेन्युन छन्, जायज छन् ।

विगतमा पनि बारा र रौतहटमा किसानको महत्वपूर्ण आन्दोलन थियो । "रे नही जी कहो" नारा लगाउँदै जाली तमसुक च्यात्ने, भकारी फोडो, मोहियानी हक, जमिनदारी प्रथाको अन्त्यलगायत जमिन्दारले गर्ने विभिन्न शोषणका तरिकाका विरूद्ध उनीहरू आन्दोलित भएका थिए । नेपाल कृषिप्रधान देश भएकाले यहाँका अत्यधिक जनता भनेका किसान नै हुन् । यहाँ हुने विभिन्न प्रकारका परिवर्तनको मुख्य शक्ति भनेको किसान नै हुन् । अहिले पनि समस्याको पहिलो कारण त हाम्रो अस्पष्ट कृषि नीति नै हो । यसले नेपालको अन्नभण्डारको रूपमा रहेको तराई-मधेशका किसानको समस्याको भेउ नै पाएको देखिँदैन । प्राथमिकतामा राखिएको कृषि क्षेत्रका किसानले के सुविधा पाए त ? जापान, युरोप र अमेरिकाले जसरी यस क्षेत्रलाई खुला बजार व्यवस्थाबाट संरक्षण गर्न किन सकिएन ? स्थानीय तह, प्रशासन कार्यालय, सम्बन्धित मन्त्रालय र विभागहरूको संस्थागत कमजोरी पनि यो समस्याको अर्को कारण रहेको छ ।

कहिले उखु-किसानको उखु बिक्री नभएर र कहिले चिनी मिलहरूले उखुको भुक्तानी नगर्दा किसानहरू गरिबी वा गरिबीको जोखिममा धकेलिएका छन् । गरिबी र बेरोजगारीमा पारेर किसानको जीवनका सुख-चयन खोसेको छ । कानुनको खिल्ली उडाएको छ । उखु-किसानको सरकारप्रतिको भरोसा डगमगाएको छ । यसबाट समाजमा बदमासी गर्नेलाई प्रश्रय मिलेको छ । नियमनकारी निकायले जवाफदेहिता गुमाएका छन् । कृषिप्रधान तराईका सबैजसो जिल्लामा घरायसी तथा व्यापारिक प्रयोजनका लागि समेत नगदे बालीको रूपमा उखुखेती गरिन्छ । यसको अग्र-सम्बन्ध चिनी उद्योगसँग हुने गर्दछ । चिनी उद्योगले किसानसँग उखु खरिद गर्छन् । कतिपय किसानले उखुखेतीका लागि औपचारिक वा अनौपचारिक तवरले ऋण लिने गरेका छन् । उखु बेच्ने किसानलाई सरकारले अनुदान पनि दिने गरेको छ । गतिलो शासकीय संयन्त्र भएमा देशभरको चिनीको माग सम्बोधन गर्न र निर्यात गरी वैदेशिक मुद्रा आर्जन गर्नका लागि समेत तराई-मधेशका उखु-किसानले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । तर, अन्नदाता कृषकलाई समयमै न्याय नदिई गरिबीमा पार्ने काम पनि पाप नै हुने भएकाले सीके राउतले अराजक एवं कडा आन्दोलन गरे पनि जायज नै भन्नु परेको हो ।




मुलुकको कृषि क्षेत्र यो वा त्यो नाममा उपेक्षित हुँदै गइरहेको वास्तविकतालाई मनन गरी कृषिउपजमा आत्मनिर्भर हुने पर्याप्त सम्भावना रहेको हाम्रो देशमा किसानलाई वास्तवमै छुने र फाइदा हुने नीतिगत सुधार भएकै छैन । त्यसैले त हाम्रो कोदो, फापरजस्ता नेपालको तुलनात्मक लाभ भएका कृषिउपजमा पनि परनिर्भरता बढेको छ । व्यापार घाटामा कृषिउपजको हिस्सा बढ्दै गएको छ र किसानको बेहाल भएको छ । मल, बीउ, सिंचाइ, कृषि औजार आदिको समस्या त विकराल छदैंछ ।

विश्वभरि इजरायलले पहिचान बनाउँदा हामीले लडाकु एवं सैन्यको देश भनेर चिन्छौं । तर त्यहाँ कृषिको क्षेत्रमा यति धेरै अध्ययन र अनुसन्धान हुन्छ कि नेपालजस्तो जहाँ मधेश जस्तो कृषिको लागि अनुकूल भूलोल नभए पनि त्यहाँ प्रशस्त मात्रामा कृषि उत्पादन हुन्छ । ७० लाख जनसंख्या भएको त्यो देशमा प्रतिव्यक्ति जिडिपी २५ हजार अमेरिकी डलर छ । यति प्रगति हुनुको कारण पनि कृषिको औद्योगीकरण नै हो । सम्पूर्ण इजरायली भूमिको आधा भूमि, मरूभूमि छ । २० प्रतिशत जमिन मात्र खेतीयोग्य छ । त्यहाँ पानीको अभाव छ । तर पनि कृषिका विभिन्न प्रविधिको खोज, पानीलाई राष्ट्रिय धरोहर मान्दै कानूनद्वारा त्यसको संरक्षण, विभिन्न सिँचाइसम्बन्धी उपकरणको खोज, कृषि, दुध, मासुजन्य पदार्थको उत्पादनमा बायोटेक्नोलोजीको प्रयोग, गर्मी देशमा उपयोगी हुने ग्रीनहाउस टेक्नोलोजीको विकास, माटोमा छिट्टै घुलनशील हुने पोटासियम नाइट्रेटको उत्पादन प्रयोग र निर्यातले त्यहाँको कृषिले गुणात्मक फड्को मारेको छ । पानी, भूमि र मानव शक्तिको सही प्रयोग गर्दै सहकारितामा आधारित त्यहाँको कृषि उत्पादनले प्रारम्भमा कागतीबाट आफ्नो निर्यातलाई अगाडि बढायो । तर अहिले विश्व बजारमा कृषिका विभिन्न उत्पादन, डेरीका सामान तथा मासुजन्य सामग्री निर्यात गर्ने प्रमुख देशको रूपमा इजरायल देखिएको छ । निर्यात गरेर त्यहाँको अर्थतन्त्र बलियो बन्दै गइरहेको छ ।

विश्वस्तरमा कृषि सहकारिताका माध्यमबाट अगाडि बढ्दा प्रशस्त उत्पादन सम्भव भएको र त्यसले किसानको जीवनस्तरमा व्यापक सुधार ल्याएका थुप्रै उदाहारण पाउन सकिन्छ । कृषि सहकारिताकै कारण चीनका किसानको मासिक आय एक लाखभन्दा बढी छ । कृषिको औद्योगीकरण, सहकारिता, त्यसका साथै घरको छत, सडकको छेउ ट्राफिक सिग्नलमा समेत उत्पादन गर्नाले त्यहाँ धान, गहुँ, आलु, गोलभैंडा, चिया, कपास, तोरीलगायत कृषि सामग्री विश्वकै तुलनामा अत्यधिक मात्रामा उत्पादन हुन्छ । विश्व बजारमा ५० प्रतिशत स्याउ चीनबाट नै निर्यात हुन्छ । जबकि दोश्रो स्थानमा रहेको अमेरिकाले स्याउ निर्यातमा विश्व बजारको मात्र ६ प्रतिशत स्थान ओगटेको छ ।

तर नेपालमा अझै मलको कारखानासम्म छैन, सामान्य खालका कृषि औजारसम्म उत्पादन हुन्न, कृषिका लागि सरकारका गतिविधि भने उट्पट्याङ लाग्ने खालका छन् । कृषि विकासका लागि राजधानी अनि सहरबजारका सुविधासम्पन्न होटेल तथा रिसोर्टहरूमा गोष्ठी, छलफल, सेमिनार, कार्यशाला अनवरत चलेकै छन् । अहिले राजधानी काठमाडौंमा हुने यसखाले छलफल, सेमीनार प्रादेशिक मुकाममा सरेका छन् । कृषि विकासका नाउँमा एकथरिले कागजी योजना बनाएरै दिन कटाइरहेका छन् भने स्थानीय तहमा सञ्चालित कृषि अभिमुखीकरण कार्यक्रम गमलाखेती, कौसीखेती अनि भान्सा कोठाको फ्रिजमा तरकारी राख्न सिकाउने विधिमै सीमित भएका छन् ।

राउतको किसान आन्दोलनले किसानका अझ थुप्रै समस्याहरू उठाउन सकेकै छैन । जस्तै, चक्लाबन्दी एवं सहकारी खेतीका कुरा, चिया जस्तै मधेशमा उब्जने केरा, उखु, धान, आलु आदिलाई उद्योगको दर्जा, भूमि उपयोग नीतिका सवालहरू, कृषिजन्य उद्योगको विकास जस्ता बिषय पनि उठ्नु पर्दछ । अहिले किसानको आन्दोलनले भूमिसुधार, मोहियानी हकको कार्यान्वयन, गुठी समस्याको समाधान, क्वारेन्टाइनमा कडाइ, कृषिजन्य उत्पादको आयातलाई निरूत्साहित गर्नुपर्नेलगायतका आवाज अहिले उठाइएको छैन । वास्तविक किसानले अनुदान पाउन नसकेको, बिचौलियाका कारण किसानको उत्पादनले सही मूल्य पाउन नसकेको, भूमिविहीन किसानलाई सरकारले बेवास्ता गरेको जस्ता विषयहरू पनि आन्दोलनका मुद्दा हुनुपर्छ । नेपालमा कृषि पर्यटनले किसानको जीवनस्तरमा प्रशस्त सुधार ल्याउन सकिन्छ । कैलालीको टीकापुरमा केराखेती र केराखेतीको बिचैमा बनाना रिसोर्टले त्यो ठाउँ एउटा सुन्दर कृषि पर्यटन क्षेत्रको रूपमा विकास भइरहेको छ । इलामको चिया बगानको पर्यटनले त्यहाँका चिया बगानका किसानको जीवनस्तरमा प्रशस्त सुधार ल्याएको छ । यसरी प्रष्ट छ, कृषि पर्यटन उत्पादनको मात्रालाई बढाउने दिशामा महत्वपूर्ण आधार हो । राज्यस्तरबाट पनि त्यो वातावरण सिर्जना गर्न किसानको दबाबमूलक आन्दोलनको महत्वपूर्ण भूमिका हुन सक्दछ ।

उपरोक्त समस्याको समाधानका लागि सम्बन्धित स्थानीय, प्रदेश र संघीय संरचनाभित्रका निकायहरूको संस्थागत सुदृढीकरण गरिनु जरूरी छ । संघीयताले सरकारलाई किसानको नजिकै लगेकाले विशेषतः स्थानीय सरकारले किसानका समस्या तत्काल समाधान गर्ने गरी आफ्नो क्षमता विकास गर्नुपर्दछ । तर यसको निम्ति आफ्नो दलीय स्वार्थभन्दा माथि उठेर किसान आन्दोलन जसले नेतृत्व गरे पनि सुस्ताउनु दिनु हुन्न, बरू किसान आन्दोलनलाई हिंसात्मक र अराजकताबाट बचाउँदै खुल्ला हृदयले अन्य पार्टी र सरोकारवालाहरूसँग बृहत मोर्चाबन्दी गरेर अगाडी बढ्नु पर्दछ । सीके राउत आफ्नो दलीय स्वार्थभन्दा माथि नउठी अहिलेको किसान आन्दोलन आम किसान आन्दोलनमा परिणत हुन् सम्भव छैन र यसैकारण किसान आन्दोलन तुहिए त्यसको दोषी सीके राउत नै हुनेछन । त्यस अवस्थामा इतिहासले किसान आन्दोलनमा उसको घुसपैठ भएको नै भन्ने छन्, त्यसैले खुल्ला हृदयले यसलाई बृहत रूप दिने प्रयास गर्नुपर्छ । जब यसप्रकार आन्दोलनले चरमरूप लिनेछ, विद्यमान राज्य संरचनामा जबरजस्त भूकम्प आउने छ, जसको परिणामस्वरूप नयाँ व्यवस्था, नयाँ समाज, नयाँ संस्कृति निर्माणका साथै किसानका जीवनस्तर सुधारका दिशामा प्रशस्त आधार तयार हुँदै जाने प्रष्ट नै छ ।

*( मेहता, लोसपाका नेता हुन् ।)*

## मधेश अपडेट

### मलखाद्यको अभावले किसान चिन्तित

बृजेश कुमार गुप्ता, कपिलवस्तु । कपिलवस्तुको कृष्णानगरमा मलखाद्यको अभावले किसान चिन्तित भएका छन् । गहुं, मसुर, तोरी, चना लगायतका फसलमा किसानहरूले ठूलो लगानी गरि उब्जाएका छन् तर समयमा मलखाद्यको उपलब्धता नभएको कारणले किसानले फसलमा लगाएको लगानी समेत डुब्ने स्थिति रहेको छ । स्थानीय किसानहरूको भनाइअनुसार यदि हामीलाई एक दुई दिनभित्र मलखाद्य उपलब्ध भएन भने हामीले लगाएको फसल बर्बाद हुने अवस्थामा पुगी सकेको छ । सरकारले गाउँ-गाउँमा सिंहदरबार पठाएको थियो । जनताको समस्या बुझी जनताको हितमा काम गर्नका लागि तर कपिलवस्तुको कृष्णानगर पालिकाले (सिंहदरबार) किसानको समस्या नबुझी किसानहरूलाई बेवास्ता गरी ठेक्कापट्टामा व्यस्त देखा परिरहेका छन् । कृष्णानगर नगरपालिका (सिंहदरबार)ले अहिलेसम्म किसानहरूको फसल सिंचाई व्यवस्था समेत गर्न सकेको छैन । नगरपालिकाले लगाएको अधिकांश बोरिङ्गहरू खराब भएर जीर्ण अवस्थमा पुगेका छन् । किसानले प्रत्येक वर्ष जोतभोग गरेको जग्गाहरूको कर तिर्दै छ तर पनि यो नगरपालिकाले किसानहरूप्रति खासै चासो देखाएको छैन भन्ने स्थानीय किसानहरूको गुनासो रहेको छ । मल खाद्य अभावको कारणले किसानहरूले लगाएको फसल बर्बाद हुने बेला पनि कृष्णनगर नगरपालिका किसानहरूप्रति खासै चासो देखाएको छैन ।

### जनकपुरमा भारतीय पर्यटकहरूको घुइँचो

जनकपुरधाम । इस्वी संवत्को नयाँ वर्ष २०२२ मा जनकपुरधाममा भारतीय पर्यटकहरूले ऐतिहासिक धार्मिकस्थल जनकपुरधाम भरिभराउ देखियो । नयाँ वर्षको उपलक्ष्यमा मित्रराष्ट्र भारतका पर्यटकहरूको घुइचो लागेको छ । जनकपुरधामको जानकी मन्दिर, राम मन्दिर लगायतका स्थानमा भगवानको दर्शन र पुजापाठ गर्न पर्यटकहरूको घुइचो देखिएको छ । नयाँ वर्षको सुरूवात सुखमय होस भन्ने अभिलाषाका साथ आएका पर्यटकहरूका कारण जनकपुर क्षेत्रमा चहलपहल बढेको छ । शनिबार बिहानैदेखि जनकपुरको जानकी मन्दिर, राममन्दिरलगायतका धार्मिक मठमन्दिरहरूमा पर्यटकहरूको भिड लागेको हो । कोरोनाको कारणले जनकपुरसहितको पर्यटन क्षेत्र सुस्त भएको थियो । अहिले बिहार राज्यको मात्रै नभई अन्य प्रान्तबाट समेत जनकपुरमा पर्यटकहरूको भिड देखिएको छ । भारतका दक्षिण भारत, राजस्थान, गुजरात, महाराष्ट्र, हरियाणा, दिल्ली, बिहार, उत्तरप्रदेश सिमला, उत्तराखण्डलगायत राज्यबाट हजारौंको संख्यामा पर्यटक जनकपुरधाम आउने गरेका छन् ।

### अनिश्चितकालीन रौतहट बन्दको घोषणा

रौतहट । सरकारले किसान आन्दोलनमा दमनकारी रवैया देखाएको भन्दै जनमत पार्टीले रौतहट जिल्लामा अनिश्चितकालीन बन्द तथा पूर्णरूपमा चक्काजामको घोषणा गरेको छ । जनमत पार्टी रौतहटका अध्यक्ष रामेश्वर प्रसाद यादवले आइतबार एक विज्ञप्ति जारी आज सोमबारदेखि अनिश्चितकालीन रौतहट बन्द तथा पूर्णरूपमा चक्काजामको घोषणा गरेका छन् । किसानहरूको जायज र अति आवश्यक मागहरू पूरा नभएसम्म आन्दोलनमा रौतहटवासी जनसमुदायद्वारा साथ र सहयोग प्राप्त हुने अपेक्षासहित आन्दोलनबाट पर्ने असर र असुविधाप्रति सरकार स्वयं जिम्मेबार रहेको विज्ञप्तिमा भनिएको छ । सिरहाको औरहीबाट सुरू भएको किसान आन्दोलन अहिले मधेशव्यापीरूपमा जनमत पार्टीको नेतृत्वमा भइरहेको छ । किसानका वर्षौंदेखि यथावत् रहेको समस्याहरूलाई लिएर जनमत पार्टीले चरणबद्धरूपमा आन्दोलनका कार्यक्रमहरू सार्वजनिक गर्दै आएको छ । किसानको आन्दोलनमा प्रहरी प्रशासनले बल प्रयोग गर्ने, हवाई फायर गर्ने, आश्रु ग्यास प्रहार गर्ने, लाठीचार्ज गर्ने लगायतका दमनकारी नीति अपनाएको देखिन्छ । शान्तिपूर्ण आन्दोलनलाई हिंसक बनाउन खोजिएको आरोप आमकिसानहरूको छ ।

### जसपाको लुम्बिनी प्रदेश समिति समायोजन

रूपन्देही । जनता समाजवादी पार्टी नेपालको लुम्बिनी प्रदेश समिति समायोजन भएको छ । जसपाको लुम्बिनी प्रदेश समिति अध्यक्ष अशोककुमार यादव यादव चयन भएका छन् । यादवको अध्यक्षतामा १५१ सदस्यीय प्रदेश समिति गठन गरिएको हो । तत्कालीन समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी नेपालबीच एकीकरण भई निर्माण भएको जसपाको समायोजन भएको हो । प्रदेश समितिको उपाध्यक्षमा अब्दुल रसिद खान, धनेश्वरी चौधरी, अतिउल्ला मुसलमान, मन्नु चौधरी, राज कुमार चौधरी, राज किशोर मिश्र, बदरूधुजा खान, प्रमुख सचिव यज्ञ प्रसाद पोखेल, सचिव लक्ष्मी चौधरी, ठाकुर चौधरी, पन्नेलाल यादव, ओम प्रकाश चौधरी, हिमानी थापा र कोषाध्यक्ष अम्बिका काफ्ले रहेका छन् ।

### मोटरसाइकल चोरी गरिरहँदा ३ जना पक्राउ

पर्सा । वीरगंज महानगरपालिका-१५ शिरोमणि टोल र सोही महानगरपालिका-१४ घण्टाघरबाट २ वटा मोटरसाइकल चोरी गर्दै गरेको अवस्थामा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा वीरगंज महानगरपालिका-१५ बस्ने २० वर्षीय अवधेश महतो, सोही ठाउँ बस्ने २१ वर्षीय सुवास तिवारी र बारा कोल्हबी नगरपालिका-९ बस्ने १९ वर्षीय सबिन चौधरी रहेका छन् । सोही महानगरपालिका-१५ शिरोमणि टोलमा डेरी बस्ने बारा सिम्रौनगढ नगरपालिका-४ घर भएका आर्यन गुप्ताले सोही ठाउँमा पार्किङ गरी राखेको प्रदेश २-०३-०१३ प २४५७ नम्बरको मोटरसाइकल चोरी गरी भाग्दै गरेको अवस्थामा महतो र तिवारीलाई मंगलबार राति तथा वीरगंज महानगरपालिका-१४ घण्टाघरस्थित सडक छेउमा सोही ठाउँ बस्ने दिलीप पाण्डेले पार्किङ गरी राखेको ना.२५ प ८६६९ नम्वरको मोटरसाइकल चोरी गरिरहेको अवस्थामा चौधरीलाई मंगलबार दिउँसो फेला पारी प्रहरीले पक्राउ गरेको हो । उनीहरू उपर जिल्ला अदालत पर्साबाट ५ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

### मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु

कैलाली । लम्कीचुहा नगरपालिका-६ गुलरास्थित सडकमा से.४ प ६०२१ नम्बरको मोटरसाइकल बुधबार साँझ दुर्घटना हुँदा चालक बेलौरी नगरपालिका-५ बस्ने ३६ वर्षीय मेघलाल चौधरीको मृत्यु भएको छ । उक्त मोटरसाइकलले पैदलयात्री लम्कीचुहा नगरपालिका-६ बस्ने ६२ वर्षीय भवान सिंह भाटलाई ठक्कर दिई उक्त मोटरसाइकल रा.१ क ११३० नम्बरको क्रेन परेर गम्भीर घाइते भएका उनको उपचारको लागि लालरत्न अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । घाइते भएका भाटको सोही अस्पतालमा उपचार भइरहेको छ । क्रेन चालकलाई प्रहरीको नियन्त्रणमा लिएको छ ।

### 'यसै महिनाभित्र रेल सेवा सञ्चालान हुन्छ'

जनकपुरधाम । भौतिक योजना तथा यातायातमन्त्री रेणु यादवले नेपाली भूमिमा रेल यात्रा गर्ने नेपाली जनताको इच्छा यसै महिनाभित्र पूरा हुने बताएकी छिन् । आइतबार महोत्तरीको गौशालामा जनता समाजवादी पार्टीले आयोजना गरेको पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्रीले जनताले मनामा थाती राखेको एक दशकको इच्छा अबको यसै महिनाभित्र पूरा हुने बताइन् । मन्त्री यादवले भनिन्, 'हामीले केही दिनअगाडि मात्र रेल्वे विधयेक संसदबाट पारित गरायौं । अब रेल्वे प्राविधिकहरूलाई प्रशिक्षण दिइसकेपछि विधिवत रूपमा नेपाली भूमिबाट रेल यात्रा सुरू हुनेछ ।' देशकै निम्ति महत्वपूर्ण रहने सो अवसरमा दुवै देशका प्रधानमन्त्री भर्चुअल कार्यक्रम मार्फत रेल यात्राको उद्घाटन गरिने मन्त्री यादवले जानकारी दिइन् । हिमाल-पहाड र तराई क्षेत्रका हरेक स्थानमा सडक, पुल निर्माण गर्ने आफ्नो मातहतमा रहेको मन्त्रालयको योजना रहेकोले सरकारले क्रमिक रूपमा सो कार्य पूरा गर्नेमा मन्त्री यादवले धारणा राखिन् । उनले भनिन्, 'अब सरकारले क्रमिक रूपमा कुर्थादेखि बर्दिबस हुँदै निजगढ अनि काठमाडौंसम्मको रेल सेवा विस्तार गरिनेछ । जसको लागि नेपाल सरकारले क्रमिक रूपमा प्रक्रिया अगाडि बढाइसकेको छ । नेपाली जनता अब सहज रूपमा रेलयात्रा गरिनेछ ।' जनता समाजवादी पार्टीका केन्द्रीय कार्यकारिणी सदस्यसमेत रहेकी मन्त्री यादवले अब महिलाहरूलाई प्रत्यक्ष रूपमा राजनीतिक प्रतिस्पर्धामा उत्रिन आवश्यक छ । उनले भनिन्, 'पछिल्लो समयमा आएर स्थानीय तहमा मेयर उपमेयरलाई साइड लगाएर वाहवाही कमाउने प्रवृतिको सुरूवात गर्दैछ । अब महिलाहरू उपमेयरमा सिमित नभइ मेयर पदमा प्रतिस्पर्धा गर्ने किसिमको दमदार भूमिकामा आउनुपर्नेछ ।

# प्रधानमन्त्रीलाई हृदयेश त्रिपाठीको १०बुँदे मागपत्र



हृदयेश त्रिपाठी
**संयोजक, जनता प्रगतिशील पार्टी**

सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यू
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं ।

सम्मानीय प्रधानमन्त्री ज्यू,

नेपाली कांग्रेसको गरिमामय सभापति पदमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछु । देशको विशिष्ट परिस्थितिमा प्रधानमन्त्री पदमा आसीन हुनु भएकोमा सफलताको कामना गर्दछु । जनता प्रगतिशील पार्टी नवगठित दल हो । अन्य दलको आलोचना गरेर आफू असल दल सावित गर्ने अस्वस्थ्य प्रतिस्पर्धामा हाम्रो रूचि रहने छैन । तसर्थ अन्य दलहरूप्रति हाम्रो आत्मीय सम्मान छ र रहने छ ।

देशको वर्तमान राजनीतिक र आर्थिक अवस्था क्रमशः जटिलतातर्फ उन्मुख छ । राज्यका तीनवटै अंगहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका प्रभावहीन र गतिहीन रहेको वर्तमान अवस्थामा संविधानको कार्यान्वयनमा बाधा उत्पन्न भई देशको राजनीति नै लिकभन्दा बाहिर गइरहेको देखिन्छ । दलहरूबीच अस्वस्थ र अभद्र प्रतिस्पर्धा बढ्दो छ । संविधान प्रतिको स्वामित्व क्रमशः घट्दो छ । राज्यका अंगहरू बीचको सीमा उल्लंघनले संविधान घाइते भइरहेको छ । यो नितान्त अशुभ सङ्केत हो ।

तसर्थ संविधानलाई चलायमान बनाउन तथा लिकभन्दा बाहिर पुगेको राजनीतिलाई पुनः सही बाटोमा ल्याउन, राष्ट्रिय सहमतिको विकल्प छैन । मुद्दा र बुदामा आधारित राष्ट्रिय बहस र राष्ट्रिय सहमति आजको आवश्यकता हो ।

सम्मानीय प्रधानमन्त्री ज्यू,

वर्तमान परिदृश्यमा निम्नलिखित बूदाहरू दलहरूबीच सहमतिको न्युनतम साझा विषयको रूपमा एजेण्डा बन्नेमा जनता प्रगतिशील पार्टी, नेपालको विश्वास रहेको छ ।

१) संविधान कार्यान्वयनको क्रममा देखिएका जटिलताको पहिचान गरी आगामी निर्वाचन पूर्व सहमति प्राप्त बुँदाहरूमा संविधान संशोधन गर्न आवश्यक छ । यस कार्यले एकतिर संविधान कार्यान्वयनको क्रममा देखिएका बाधा र अवरोध समाप्त हुनेछन् भने अर्कोतिर जनतामा नयाँ आशावादको मनोविज्ञान संचारित हुनेछ ।

२) स्थानीय तहको सीमांकन गर्ने उद्देश्यले गठित आयोगको सिफारिश २ नं। प्रदेशमा मात्रै कार्यान्वयन भयो । १ नं, लुम्विनी र सुदूर पश्चिम प्रदेशमा निर्वाचनको कारणले कार्यान्वयन भएको छैन् । तसर्थ उक्त आयोगको सिफारिश १ नं।, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशमा पनि कार्यान्वयन गरियोस् ।

३) स्थानीय तहको लेखा परिक्षण महालेखा परिक्षकको प्रतिवेदनको विषयमा छलफल र निर्णय गर्न प्रदेश सभा सार्वजनिक लेखा समितिको सदस्यको संयोजकत्वमा, महालेखा परिक्षकले नियुक्त गरेको प्रतिनिधि तथा जिल्ला समन्वय समितिको प्रमुख सम्मिलित समिति निर्माण आवश्यक छ ।

यस कार्यले स्थानीय तहमा देखिएका वेरूजू र आर्थिक अनुशासनहीनतालाई क्रमशः समाप्त गर्दै जनविश्वासमा वृद्धि गराउनेछ ।

४) मुख्य बालीको रूपमा रहेका धान, गहुँ, उखू, स्याउ, केरा, अदुवा, सुन्तला, दुग्ध लगायतको उत्पादनको न्युनतम समर्थन मूल्य निर्धारण गर्न विशेषज्ञ सम्मिलित स्थायी प्रकृतिको उच्चस्तरीय मूल्य निर्धारण आयोग गठन हुनु आवश्यक छ । उखू खरीदको न्युनतम समर्थन मूल्य अविलम्ब निर्धारण गर्न तथा कृषी मल उपलब्ध गराउन आवश्यक छ ।

५) मुलुकको अर्थतन्त्र, वैकिंङ्ग क्षेत्रमा देखिएका चुनौती आदिको विषयमा अविलम्ब सर्वपक्षीय बहसको आवश्यकता छ ।

६) संसदमा विचाराधीन र प्रतिनिधि सभाको राज्य व्यवस्था समितिबाट अल्पमतबाट पारित भनिएको 'निजामती सेवा विधेयक'को सन्दर्भमा सहमति आवश्यक छ । समितिद्वारा ५/६ सदस्यले पठाएको प्रतिवेदन यदि मान्य भयो भने निजामति सेवा क्षतविक्षत हुनेछ ।

७) जन्मको आधारमा नागरिकताको प्रमाण पत्र प्राप्त गरिसकेका नेपाली नागरिकको सन्तानले नागरिकताको प्रमाण पत्र पाउन सकेका छैनन् । केही कानूनी व्यवस्थाको निर्माणको प्रयास तार्किक निष्कर्षको प्रयास तार्किक निष्कर्षमा पुग्न सकेन् । फलतः ती व्यक्तिहरू कष्टकर जीवन बिताउन बाध्य छन् । साथै सम्विधानमा उल्लेख भएको आमाको नागरिकताको आधारमा नागरिकताको प्रमाण पत्र उपलब्ध गराउने कानूनको आभावले यो पनि कार्यान्वयन हुन सकेको छैन् । यस विषयको समाधान अविलम्ब हुनु आवश्यक छ ।

८) कैलालीबाट अत्यधिक बहुमतले निर्वाचित प्रतिनिधीसभा सदस्य माननीय रेशम चौधरी हालसम्म जेलमा रहनु विडम्बना हो । घटनास्थलमा उपस्थितनै न रहेका व्यक्ति जेल जीवन भोग्नु दुःखद मात्रै होइन् कि न्यायिक अपचलन पनि हो ।

९) दलहरू बीच परराष्ट्र सम्बन्धमाः एमसीसीलगायत कतिपय विषयहरूमा राष्ट्रिय सहमति बन्न नसकेका कारण देशको अन्तर्राष्ट्रिय विश्वसनियतामा प्रश्न चिह्न उठेको वर्तमान अवस्थामा मूलभूत विषयमा अविलम्ब राष्ट्रिय सहमति निर्माण गर्नु आवश्यक छ । क्षेत्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धमा राष्ट्रियताको संकिर्ण अड्डी होइन कि राष्ट्रिय स्वार्थ र नेपाली स्वाभिमानको रक्षा प्राथमिकता हो ।

१०) कोभिड-१९महामारी तथा यसबाट परेको तथा पर्नसक्ने समग्र प्रभावको विषयमा पारदर्शी बहसको आवश्यकता छ ।

यी तथा अन्य विषयमा राष्ट्रिय सहमति कायम गराउन जनता प्रगतिशील पार्टी, नेपालको सक्रिय सहयोग रहने विनम्रतापुर्वक निवेदन गर्दछु । सधन्यवाद ।

(हृदयेश त्रिपाठी)
प्रतिनिधि सभा सदस्य
तथा संयोजक
जनता प्रगतिशील पार्टी


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पुल महाशाखा

## जानकारीमूलक सूचना

१. पुलहरूमा जथाभावी दिसा-पिसाब र फोहोर नफालौं । यसले पुलको आयु घटाउँछ ।

२. पुलको तलमाथि खोलाबाट बालुवा, ठिट्टी, ढुंगा, माटो आदि झिक्दा पुल भत्किन सक्छ । पुलको ५०० मिटर तलमाथि माटो, बालुवा पानी नझिकौं ।

३. पुलमाथि सकभर सीमित गतिमा सवारी चलाउने बानी बसालौं ।

४. मानव शरीरमा रहेको रक्त स्नायु तन्त्रस्तै पुल सडकको अभिन्न अंग हो । एक ठाउँमा रक्तनली काटिन जाँदा पक्षघात भएजस्तै पुल भत्किन जाँदा सडक उपयोगहीन हुन्छ र मानव जीवन अस्तव्यस्त हुनसक्छ ।



- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### यदुवंश झा एमालेमा प्रवेश

काठमाडौं । पूर्वमन्त्री एवं नेकपा (एकीकृत समाजवादी) का पोलिटव्यूरो सदस्य यदुवंश झा नेकपा (एमाले)मा प्रवेश गरेका छन् । आइतबार साँझ नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो निजी निवास बालकोटमा उनलाई खादा ओढाई पार्टीमा स्वागत गरेका छन् । पार्टीका स्थायी कमिटी सदस्य प्रभु साह र केन्द्रीय सदस्य सन्जिव कुमार झाको उपस्थितिमा पूर्वमन्त्री झा एमालेमा प्रवेश गराएका हुन् ।

### साह जसपाको प्रमुख सचेतक नियुक्त

काठमाडौं । प्रतिनिधिसभा सदस्य प्रमोद साहलाई जनता समाजवादी पार्टी नेपालको संघीय संसदको संसदीय दलको प्रमुख सचेतकमा नियुक्त गरिएको छ । जसपा अध्यक्ष उपेन्द्र यादवले सांसद साहलाई प्रमुख सचेतकमा नियुक्त गरिएको जानकारी संघीय संसद सचिवालयलाई सोमबार जानकारी दिएका हुन् । सांसद साहलाई संघीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन तथा नियमानुसार पाउने सुविधा उपलब्ध गराइदिने व्यवस्थाका लागि अध्यक्ष यादवले संघीय संसद सचिवालायलाई आग्रह गरेका छन् ।

### कुटपिटबाट मृत्यु, अभियुक्त पक्राउ

मोरङ । रतुवामाई नगरपालिका-९ डिपो बस्ने ५७ वर्षीय दिपनारायण धामीको उनकै छोराको कुटपिटबाट मृत्यु भएको छ । मादक पदार्थ सेवन गरी हो-हल्ला गरेको बिषयलाई लिएर उनकै छोरा ३६ वर्षीय अर्जुन धामीले मंगलबार कुटपिट गर्दा दिपनारायण गम्भीर घाइते भएको खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको प्रहरीले अर्जुनलाई पक्राउ गरेको हो । घाइतेको अरनिको अस्पताल उर्लाबारी हुँदै नोबेल अस्पताल बिराटनगरमा थप उपचारपछि घरतर्फ लैजाने क्रममा बिहीबार साँझ बाटोमै मृत्यु भएको हो ।

### गाँजासहित दुई जना पक्राउ

मोरङ । ग्रामथान गाउँपालिका-७ धोबियारे चोकबाट करिब आधा किलो अवैध लागूऔषध गाँजा सहित २ जनालाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ३३ वर्षीय किशुन देव चौधरी र २७ वर्षीय रंजित कुमार माझी रहेका छन् । ईलाका प्रहरी कार्यालय बिराटचोकबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### ब्राउनसुगरसहित दुई जना पक्राउ

रूपन्देही । देवदह नगरपालिका-२ ढेकार श्रीचोकबाट ७ ग्राम ५ सय ४० मिलिग्राम अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने धुलो पदार्थ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । आइतबार बेलुकी पक्राउ पर्नेहरूमा ओमसतिया गाउँपालिका-६ बस्ने ३७ वर्षीय वर्मानन्ध धरिकार र भारत महाराजगंज सुनौली बस्ने ३८ वर्षीय अर्जुन साहानी रहेका छन् । लु.५५ प २२०५ नम्बरको मोटरसाइकललाई ईलाका प्रहरी कार्यालय बुटवल र प्रहरी चौकी खैरेनीबाट खटिएको संयुक्त प्रहरीले जाँच गर्नेक्रममा मोटरसाइकलमा लुकाई ल्याउँदै गरेको उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

### मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु

रौतहट । गौर नगरपालिका-७ सवगाढास्थित सडकमा बिआर ३० जेड ३३७३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकलमा सवार माधवनरायण नगरपालिका-६ माधोपर बस्ने ३५ वर्षीय कैलाश महतोको मृत्यु भएको छ । आइतबार दिउँसो उक्त सडक क्रस गर्दै गरेकी बालिकालाई बचाउन खोज्दा भएको दुर्घटनामा गम्भीर घाइते भएका उनको न्यूरो अस्पताल वीरगञ्जमा उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकलाई नियन्त्रणमा लिएर यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### १५ किलो गाँजा बराम

पर्सा । कालिकामाई गाउँपालिका-१ तिनदुबिया बस्ने चुल्हाई साहको घरबाट करिब १५ किलो अवैध लागूऔषध गाँजा प्रहरीले बरामद गरेको छ । शनिबार दिउँसो विशेष सूचनाको अधारमा ईलाका प्रहरी कार्यालय पोखरीयाबाट खटिएको प्रहरीले साहको घर तलासी गर्दा उक्त गाँजा फेला पारी बरामद गरेको हो । हाल फरार रहेका साहको खोजी भइरहेको छ । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### तलाउमा बालक मृत फेला

बाँके । जानकी गाउँपालिका-३ ईन्द्रपुर बस्ने मुन्ना शेषको छोरा ३ वर्षीय हाम्जा शेष आफ्नै घर नजिक रहेको पानीको तलाउमा मृत अवस्थामा फेला परेका छन् । पुस १३ गते साँझ आफ्नै घरबाट हराएका उनको खोजी गर्ने क्रममा उक्त तलाउमा शव फेला परेको हो ।

### लागूऔषध र नगदसहित युवक पक्राउ

कैलाली । बर्दगोरिया गाउँपालिका-१ कट्टिपुरबाट एक युवकलाई लागूऔषध र नगदसहित प्रहरीले पक्राउ गरेको छ । करिब १० ग्राम अवैध लागूऔषध चरेश र नगद ३९ हजार ४ सय ३० रूपैयाँसहित सोही ठाउँ बस्ने ३० वर्षीय नरेन्द्र प्याकुरेललाई सोमबार राति प्रहरीले पक्राउ गरेको हो । मादक पदार्थ सेवन गरी हो-हल्ला गरिरहेको अवस्थामा फेला पारी ईलाका प्रहरी कार्यालय सडकपुरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त चरेशसहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

### ट्याक्टर दुर्घटनामा दुईको मृत्यु

कपिलवस्तु । जिल्लाको बुद्धभूमि नगरपालिका-३ रनगाईमा लु ४ त २४०२ नम्बरको ट्र्याक्टर मंगलबार बिहान दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । सडकदेखि करिब २० मिटर खस्दा ट्याक्टरमा सवार स्थानीयवासी ४८ वर्षीया शिवकुमारी थारू र १६ वर्षीया फूलकुमारी थारूको मृत्यु भएको प्रहरीले जनाएको छ । यसैगरी घाइते हुनेमा बलराम सुनार, कृष्ण विक, सरिता थारू र सीमा थारू रहेका छन् । उनीहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### स्रोत नखुलेको नगदसहित दुई जना पक्राउ

पर्सा । वीरगंज महानगरपालिका-१६ रजयन्ति चोकबाट स्रोत नखुलेको नगद ६ लाख ५४ हजार रूपैयाँ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । मंगलबार साँझ पक्राउ पर्नेहरूमा भारत मोतिहारी पुर्बीचम्पारण ढाका थाना बिश्रामपुर-७ बस्ने जादोलाल साह र सोही ठाउँ चैनपुर बस्ने बिगन साह रहेका छन् । प्रहरी चौकी इनर्वाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनीहरूले लुकाई ल्याउँदै गरेको उक्त नगद सहित फेला पारी उनीहरूलाई पक्राउ गरेको छ । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

मोरङ । कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी बुढिगंगा गाउँपालिका-६ गेरावनी बस्ने २२ वर्षीय अजय लिम्बुलाई सोमबार प्रहरीले पक्राउ गरेको छ । बुढिगंगा गाउँपालिका-७ स्थित २६ वर्षीय रिजन दाहाललाई गत कात्तिक २८ गते राति धारिलो हतियार खुकुरी प्रहार गरी मृत्यु भएको घटनामा संलग्न रही फरार भएका अजयलाई खोजी गर्ने क्रममा प्रहरीले फेला पारी पक्राउ गरेको हो । उनलाई जिल्ला अदालत मोरङमा पेश गरिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### जेसीबीको ठक्करबाट भारतीय कामदारको मृत्यु

बाँके । जानकी गाउँपालिका-६ डिठापुरस्थित इँटा उद्योगमा माटो सम्याउने क्रममा भे.१ क ७१५ नम्बरको जेसिभिले ठक्करबाट एक भारतीय कामदारको मृत्यु भएको छ । सोही उद्योगमा काम गर्ने भारत बहराईच रामपुर बस्ने २९ वर्षीय बिनोद यादबको मंगलबार राति मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको नर्सिङ होम नेपालगंजमा उपचारको क्रममा मृत्यु भएको हो । जेसिभि चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# मित्रवत् सम्बन्धलाई अझ प्रगाढ र सुदृढ गर्दै नेपाल र भारत

खुला सिमाना, जीवन्त व्यापार र बलियो सम्पर्कका साथ दुई देशका जनताबीच मित्रवत सम्बन्ध स्थापित छ जसलाई प्रायः 'रोटी-बेटी का रिश्ता' पनि भनिन्छ ।

सन् १९५० मा भारत-नेपाल बीच शान्ति सन्धिमा हस्ताक्षर भएदेखि सुरू भएको भारत र नेपालबीचको सम्बन्ध मुख्यतः मैत्रीपूर्ण रहेको छ, जसमा सार्वभौमसत्ता, क्षेत्रीय अखण्डता र एकअर्काको स्वतन्त्रताको पारस्परिक सम्मान गरिन्छ ।

**राजनीतिक पुनर्स्थापना**

सन् २०२१ डिसेम्बर महिनामा देशको सबैभन्दा ठूलो लोकतान्त्रिक पार्टी - नेपाली कांग्रेसको सत्तारूढ गठबन्धनले प्रधानमन्त्री शेरबहादुर देउवालाई अध्यक्षको रूपमा पुनः निर्वाचित गर्‍यो। दोस्रो चरणको निर्वाचनमा देउवाले २ हजार ७३३ मत पाएका थिए भने पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका भतिजा शेखर कोइरालालाई १ हजार ८ सय ५५ मत पाएका थिए ।

यसरी नेपाली प्रधानमन्त्रीले आफ्नो पद सुरक्षित राखेका छन् र काठमाडौंको राजनीतिक उथलपुथल अन्ततः समाप्त भएको छ। यो घट्नाक्रम सँगै भारतसँगको उच्च प्राथमिकतामा रहेको देशको सम्बन्ध सुधार तिर जाने देखिन्छ ।

नेपाली प्रधानमन्त्री देउवा भारतीय राजनीतिमा नयाँ होइनन् । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको आदेशमा राष्ट्रपति विद्यादेवी भण्डारीले संसदको तल्लो सदन विघटन गर्ने 'असंवैधानिक' कदमलाई सर्वोच्च अदालतले खारेज गरेपछि उनले सन् २०२१ जुलाईमा पाँचौं पटक हिमाली राष्ट्रको शासन ग्रहण गरेका थिए ।

पुनर्स्थापित प्रतिनिधिसभामा देउवाले विश्वासको मत प्राप्त गरेपछि परम्परागत शुभकामना आदानप्रदान गर्दै नेपालका प्रधानमन्त्री र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले स्थापित साझेदारीलाई अझ प्रगाढ बनाउन तथा जनता जनता बीच को सम्बन्ध अझ गहिरो बनाउन र द्विपक्षीय सहयोग सुदृढ गर्न मिलेर काम गर्न सहमत भएका थिए ।

सन् २०१५ देखि धमिलो भएको भारत-नेपाल सम्बन्ध पुनर्स्थापना गर्ने राजनीतिक नेतृत्व फेरि देशमा स्थापना भएको छ। पूर्व प्रधानमन्त्री ओलीले सन् २०२० को मे महिनामा भारतसँग विवादित भूभागसहितको एकपक्षीय संवैधानिक संशोधनले नेपाल-भारत सम्बन्धलाई धुमिल बनाएको थियो ।



तर, सम्बन्ध तनावपूर्ण रहँदा पनि, दुई देशले एकअर्कासँग संलग्नता जारी राखेका थिए। सन् २०२० अक्टोबर महिना मा भारतको अनुसन्धान र विश्लेषण केन्द्र का प्रमुख सामन्त कुमार गोयल र नोभेम्बर महिनामा भारतीय सेना प्रमुख एम नरवणे र विदेश सचिव हर्षवर्धन श्रृङ्ला ले नेपालको औपचारिक भ्रमण गरेका थिए ।

कोभिड-१९ महामारीमा दुई देशले सामना गर्नुपरेको कठिन चुनौतीका बाबजुद पनि भारत र नेपालबीच व्यापारिक मार्गहरू खुला रह्यो भने औषधि र उपकरणको आपूर्ति र सीमापार व्यापारलाई निरन्तरता दिई हाम्रा दुई राष्ट्रका जनतालाई फाइदा पुगेको थियो ।

सन् २०२१ को जनवरी महिनामा भारत-नेपाल संयुक्त आयोगको बैठक नयाँ दिल्लीमा भएको थियो र त्यसमा नेपालका तत्कालीन परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली सहभागी भएका थिए ।

ज्ञवाली र भारतीय विदेशमन्त्री एस जयशंकरको सहअध्यक्षतामा भएको उक्त भेटमा दुई देशबीचको द्विपक्षीय सम्बन्धले वास्तवमै समयको परिक्षा दिदैं आएको र भविष्य को लागि रचनात्मक कदम कार्यान्वयन गर्ने विषयमा रचनात्मक छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको थियो ।

सन् २०२१ को मध्यमा महामारीको दोस्रो लहर हुँदा पनि भारतले नेपाललाई ठूलो परिमाणमा कोभिड-१९ सम्बन्धित औषधि र उपकरण पठाउन सफल भएको थियो। भारतको खोप मैत्री पहल अन्तर्गत भारतमा निर्मित खोप प्राप्त गर्ने पहिलो देश नेपाल थियो ।

सन् २०२१ को जुलाई महिनामा नेपालमा शासन परिवर्तनपछि यस पहुँचलाई निरन्तरता दिँदै यस पटक पूर्व नेपाली विदेशमन्त्री प्रकाशशरण महतको नेतृत्वमा सत्तारूढ नेपाली कांग्रेसको विशेष प्रतिनिधिमण्डलले नयाँ दिल्ली पुगेका थिए र विदेश मन्त्री जयशंकर र बीजेपी पार्टीका अध्यक्ष जेपी नड्डासँग वार्ता गरेका थिए ।

द्विपक्षीय सम्बन्ध सुधार गर्न नेपाली कांग्रेसको निमन्त्रणामा भाजपाका विदेश विभाग प्रमुख विजय चौथाईवाले अगस्ट महिनामा काठमाडौं भ्रमण गरेका थिए ।

**उच्च स्तरीय आदानप्रदान**

दुई देशबीच उच्चस्तरीय आदानप्रदान पनि भएको छ । न्यूयोर्कमा आयोजित संयुक्त राष्ट्रसंघीय महासभाको अवसरमा दुई देशका विदेशमन्त्रीबीच भेट भएको थियो र विशेष सम्बन्धलाई अगाडि बढाउन दुवै मन्त्री सहमत भएका थिए ।

नोभेम्बर महिनाको सुरूवात मा ग्लास्गोमा आयोजित कोप२६ सम्मेलनको पृष्ठभूमीमा, प्रधानमन्त्री मोदीले आफ्ना नेपाली समकक्षी देउवासँग पहिलो पटक भेटेका थिए र घनिष्ठ द्विपक्षीय सम्बन्धलाई थप सुदृढ गर्न, जलवायु परिवर्तनसँग लड्न, कोभिड-१९ र महामारीपछिको आर्थिक अवस्थालाई सहज बनाउने विषयमा फलदायी छलफल गरेका थिए ।

सो भेटमा दुई प्रधानमन्त्रीले एकअर्काको देश भ्रमणको निम्तो पनि दिएका थिए ।

डिसेम्बर महिनामा नेपालको पुनर्निर्माणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै विदेशमन्त्री जयशंकर ले भारतीय अनुदान सहयोगमा नेपालमा ५० हजार घरको पुनर्निर्माण सम्पन्न भएको घोषणा गर्दै स्वास्थ्य, शिक्षा र संस्कृतिका बाँकी क्षेत्रमा आयोजनाहरू अघि बढेको बताएका थिए ।

जी २० शिखर सम्मेलनमा प्रधानमन्त्री नरेन्द्र मोदीले उल्लेख गरेका 'एक पृथ्वी, एक स्वास्थ्य' को भारतको दृष्टिकोणलाई दोहोर्‍याउँदै जयशंकरले यो सिद्धान्त कोभिड-१९ महामारीसँग लड्ने मात्र होइन भविष्यको संकटसँग पनि लड्ने एक मन्त्र भएको बताएका थिए। यस दृष्टिकोण ले महामारी को समयमा नेपाललगायत अन्य छिमेकी मुलुक सँग सहकार्य गर्न मार्गनिर्देशन दिने पनि उनले बताएका थिए ।

**सहयोगका प्रमुख क्षेत्रहरू**

सन् २०२२ को नयाँ वर्षमा प्रवेश गर्दा नेपाल र भारतको नेतृत्वले महामारीको समयमा हासिल गरेको सहयोगलाई निरन्तरता दिन खोज्नेछ । नँया भाइरस ओमिक्रोन को संकट को बीच दुबै देशले खोप लगायत घातक भाइरस विरूद्ध संयुक्त लडाइलाई अगाडि बढाउने पनि सम्भावना छ ।

खोप मैत्री पहल अन्तर्गत, भारतले महामारीको प्रारम्भिक दिनदेखि नै नेपाललाई जीवन बचाउने औषधि उपकरण र चिकित्सा अक्सिजन आपूर्ति गर्नुका साथै व्यावसायिक व्यवस्था र कोभ्याक्स सुविधा अन्तर्गत अनुदानको रूपमा ५० लाख भन्दा बढी खोप उपलब्ध गराइसकेको छ ।

नयाँ वर्षमा दुई देशले कनेक्टिभिटी, ऊर्जा जस्ता क्षेत्रमा नजिकबाट काम गर्ने र विकास सहयोग अभिवृद्धि गर्ने सम्भावना छ ।

सीमापार रेल सम्पर्क भारत-नेपाल विकास सहयोगको एक महत्त्वपूर्ण पक्ष हो, जसमा जयनगर-बिजलपुरा-बर्दिबास रेल मार्ग र जोगबनी-विराटनगर (१८.६ किमी) रेल मार्ग समावेश छन् ।

सन् २०२१ अक्टोबर महिनामा भारतले नयाँ दिल्लीको अनुदान सहयोगमा निर्माण भएको जयनगर र कुर्था बीचको ३४.९ किलोमिटर लामो सीमापार रेल खण्ड नेपाललाई हस्तान्तरण गरेको थियो। यस रेलमार्ग ले दुवै देश बीच व्यापार र वाणिज्य गतिविधिहरू साथै जनता-जनताको सम्पर्कलाई अझ बढावा दिनेछ ।

त्यसैगरी सन् २०१९ मा निर्माण भएको मोतिहारी-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन परियोजना २० लाख मेट्रिक टन पेट्रोलियम पदार्थ नेपाल भित्र्याउने क्षमता भएको यस क्षेत्रकै पहिलो आयोजना हो । दुवै देशले यस पाइपलाइन लाई चितवनसम्म विस्तार गर्ने सम्भावना खोजिरहेका छन् ।

दुई देशले संयुक्त रूपमा तल्लो अरूण जलविद्युत आयोजना कार्यान्वयन गर्दैछन् र नेपाल लगानी बोर्ड र भारतको सतलुज जलविद्युत निगम लिमिटेडबीच १ अर्ब ३ करोड अमेरिकी डलरको अनुमानित लागतमा ६ सय ७९ मेगावाटको जलविद्युत आयोजना निर्माणका लागि सम्झौता पत्रमा हस्ताक्षर भएको छ ।

समग्रमा, नयाँ वर्षमा दुबै देशले धेरै समानता र निरन्तरताका साथ आफ्नो समय-परीक्षण र बलियो साझेदारीलाई पुनः पुष्टि गर्ने अपेक्षा गरिएको छ ।

*- इण्डिया न्यूज नेटवर्क*

# सप्तरीमा आठ हत्यासहित ९४ घटना

सप्तरी । नेपाल मानव अधिकार वर्षपुस्तक २०२२ का लागि सप्तरीमा संकलन गरिएको मानव अधिकार उल्लघंन र ज्यादतीका घटनाहरूको प्रकाशन पूर्व आज राजविराजमा बार्षिक समीक्षा गोष्ठी सम्पन्न भएको छ ।

इन्सेक सप्तरीका अनुसार सन् २०२१ को अवधिमा आठ हत्यासहित ९४ ओटा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना सङ्कलन गरिएको छ ।

इन्सेक प्रतिनिधि मनोहरकुमार पोखरेलले प्रस्तुत गर्नुभएको प्रतिवेदनअनुसार यस अवधिमा बलात्कारपछि नौ वर्षीया बालिकाको हत्या, १६ वर्षीय बालक, ८९ वर्षीय अति वरिष्ठ ज्येष्ठ नागरिक र ४७ वर्षीया महिलाको हत्यासहित गैरराज्य पक्षबाट आठ जनाको हत्या भयो ।

अति ज्येष्ठ नागरिक र महिलाको हत्याका आरोपित पहिचान हुन सकेको छैन् । बालिका हत्या आरोपित १ जना थुनामा छन् । बालक हत्याका आरोपितमध्ये १ जना थुनामा, १ जना बालसुधार गृहमा र १ जना फरार रहेका छन् । अन्य आरोपितमध्ये थुनामा ६, धरौटीमा ४, हालै पक्राउ परेका ३ र पक्राउ पुर्जी जारी भएका २ जना छन् ।

यो वर्ष आत्महत्या दुरूत्साहनका ३ घटनाका आरोपितहरूमा पति, सासु, ससुरा र देवर छन् । जसमध्ये १ जना पुर्पक्षका लागि धरौटी राखी तारेखमा रिहा भए भने ५ जना गिरफ्तार भएका छैनन् । बालिका बलात्कारको १६ घटनामा ५,६ देखि १८ वर्षभित्रका १७ जना पीडित भएकी छिन । पीडितमध्ये १ जना अपाङ्गता भएकी बालिका छिन् । आरोपित १५ वर्षदेखि ७१ वर्षका २४ जना छन् । जसमा २ जना आरोपित पीडितका बुवा नै छन् । आरोपितमध्ये ४ जना पुर्पक्षका लागि थुनामा, १ बालक अभिभावकको जिम्माजमानीमा, २ जना धरौटीमा रिहा भएका छन् । आरोपितमध्ये १४ जना गिरफ्तार भएका छैनन् भने ३ जना हालै गिरफ्तार भएका छन् ।

यो वर्ष बाल यौन दुर्व्यवहारमा ९ घटनामा ९ देखि १७ वर्षीया १० बालिका पीडित भएकी छिन् । आरोपितमा १७ देखि ४८ वर्षीय ११ जना रहेका छन् । जसमा शिक्षकविरूद्धको एउटा उजुरी दर्ता भएन् । आरोपितमध्ये १ जना पुर्पक्षका लागि धरौटीमा रिहा भए, १ जना बालसुधार गृहमा, ३ जना फरार र २ जना पुर्पक्षका लागि थुनामा छन् भने ३ जना हालै गिरफ्तार भएका छन् । यो वर्षको अवधिमा ६ वर्षीय बालकमाथि अप्राकृतिक मैथुन गरेको आरोपमा २० वर्षीय युवक पुर्पक्षका लागि थुनामा छन् ।

महिला बलात्कारका ९ घटनामा १८ माथि ३० वर्षीयासम्मका ९ महिला पीडित भएकी छिन । बलात्कारको घटनामा १९ देखि ३३ वर्षीय ९ जना आरोपितहरू छन् । जसमा १ जना थुनामा, २ जना जिम्माजमानीमा र ३ जना पुर्पक्षका लागि धरौटीमा रिहा भएका छन् भने ३ जना फरार छन् ।

यो वर्ष महिला बलात्कार प्रयासका ९ घटनामा २० देखि ३१ वर्षीया महिला पीडित भइन् । यसमा २१ देखि ५० वर्षीय १३ जना आरोपित रहेका छन् । दुई ओटा उजुरी अनुसन्धानका क्रममा छ । बाँकी ७ घटनामध्ये १ जना पुर्पक्षका लागि थुनामा, ३ जना धरौटीमा र ३ जना फरार रहेका छन् । यौन दुव्यर्वहारका २ घटनामा पीडितले उजुरी फिर्ता लिइन् ।

बहुविवाहको ९ घटनामा २१ देखि ४६ वर्षीया महिला पीडित बनेकी छिन । आरोपितमध्ये ६ जना पुर्पक्षका लागि धरौटीमा रिहा भए, १० जनाविरूद्ध पक्राउ पुर्जी जारी भयो भने २ जना फरार छन् ।

गत वर्ष गर्भपतनको १ घटना अभिलेख थियो भने यो वर्ष २ घटना अभिलेख भएको छ । २४ वर्षीया महिला पीडित भएको घटनामा ४ जना आरोपित पुर्पक्षका लागि धरौटीमा रिहा भए भने ३० वर्षीया महिला पीडित भएको घटनामा १ जना पुर्पक्षका लागि धरौटीमा रिहा भए र १ जनाविरूद्ध म्यादी पुर्जी जारी भयो ।

बालविवाहका १ घटना जनप्रतिनिधी, प्रहरी, इन्सेक र गाउँलेको पहलमा रोकिएको छ भने २ बालविवाहको आरोपित १० मध्ये १ जना पुर्पक्षका लागि धरौटीमा रिहा, १ जनाविरूद्ध पक्राउ पुर्जी, ५ जनाविरूद्ध म्यादी पुर्जी र ३ जना फरार छन् । १४ वर्षीया १ बालिका अपहरणको आरोपमा १ जना आरोपित पुर्पक्षका लागि थुनामा छन् ।

मानव वेचविखनको १, अपहरणको ३, गैरकानुनी थुनाको १, अमानविय व्यवहारको १, घरेलु हिंसाको ६ घटना अभिलेख गरिएको छ । कुटपिट/दुर्व्यवहारको ६ घटनामा घाइते हुनेमा ४ कर्मचारी, १ शिक्षक, १ डाक्टर, १ सर्वसाधारण रहेका छन् ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारअन्तर्गत गत वर्ष झै यो वर्ष पनि ४ ओटा घटना अभिलेख भएको छ । वडा कार्यालय, डिहबार थान, विद्यालय तोडफोड भएको छ भने नाप नक्शा बनाउने समान फ्याँकिएको छ ।

इन्सेक सदस्य तथा प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झाको अध्यक्षतामा आयोजित गोष्ठिमा जिल्ला न्यायाधीश राजेन्द्रकुमार श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, स्रेस्तेदार कुमार मास्के, एसपी अबिनारायण काफ्ले, सशस्त्र एसपी राजु श्रेष्ठ, उपअनुसन्धान निर्देशक नरेशबहादुर शाह, जिल्ला न्याधिवक्ता मोहम्मद मुन्ना, सेनानी कर्मेन्द्रसिंह भाट, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, ज्येष्ठ नागरिक महासंघका प्रदेश २ अध्यक्ष शंकर शारदा, सामुदायिक सेवा केन्द्र अध्यक्ष हितनारायण लाल दास, राजविराज उच्च अदालत बार एशोसिएसन अध्यक्ष भरत यादव, सप्तरी जिल्ला बार एशोसिएसन अध्यक्ष डोमन साह, नेपाल पत्रकार महासंघ अध्यक्ष श्रवण देव, मानव अधिकार निगरानी समूहका अध्यक्ष रघुबर साह, प्याब्सन सचिव संजय शर्मा, अधिवक्ताहरू मीना देव, मनु खनाल, पार्वती जोशी थारू, दानो चौधरीले धारणा राख्नु भयो ।

कार्यक्रममा कारागार कार्यालयका सन्दिप देब, समावेशी अपाङ्ग संघका अशोककुमार यादव, कानुन व्यवसायी उमाशंकर देव, पत्रकार दिनानाथ यादव, मैथिली महिला परिषदकी प्रतिमा देव, उमेश मेहतरलगायतको सहभागिता रहेको थियो ।

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# भारत र खाडी देशबीच रणनीतिक संलग्नता हुनसक्ने सम्भावना



सन् २०२२ मा प्रधानमन्त्री नरेन्द्र मोदीको पहिलो विदेश भ्रमण युएई र कुवेत हुने थियो । भारत र मध्यपूर्वमा फैलिएको ओमिक्रोन कोविड भाइरसका कारण यो स्थगित गर्नुपरेको थियो।

यद्यपि, पश्चिम एसियाली देशहरू र विशेष गरी जीसीसी (खाडी सहयोग परिषद) देशहरूसँगको सम्बन्धले विगत एक दशक वा सोभन्दा बढी अवधिमा वास्तवमै रणनीतिक आयाम प्राप्त गरेको छ। वर्षौंसम्म यो मुख्यतया तेल, प्रवासी चासो र रेमिटेन्सहरू द्वारा संचालित एक लेनदेन क्रेता-विक्रेता जस्तो सम्बन्ध रहेको थियो। सन् १९८० को दशकमा इन्दिरा गान्धीको भ्रमणपछि र सन् २००८ सम्म, हामीले २-३ घण्टा मात्रै टाढा रहेको सबैभन्दा महत्त्वपूर्ण र ऐतिहासिक रूपमा जोडिएको क्षेत्रमा कुनै पनि उच्चस्तरीय भ्रमण गरेका थिएनौं। जुन हाम्रो आफ्नै हितका लागि रणनीतिक रूपमा महत्त्वपूर्ण छ। साँच्चै अकल्पनीय! विशेष गरी यी देशहरू हाम्रो ऊर्जा सुरक्षा, सामुद्रिक सुरक्षा, खाद्य सुरक्षा र निश्चित रूपमा प्रवासी कल्याणका लागि धेरै महत्त्वपूर्ण छन् जुन हाम्रो सुदृढ सम्बन्धको प्रमुख आधारहरू हुन्।

तर पछिल्ला वर्षहरूमा यो गुणात्मक रूपमा परिवर्तन भएको छ। दुवै पक्ष नजिकको उत्साह र पारस्परिक सरोकार, आकांक्षा र द्विपक्षीय पारस्परिक लाभकारी अवसर तथा सीमितताहरूको यथार्थपरक मूल्यांकनका साथ पुनः संलग्न भएका छन्। प्रधानमन्त्री मोदी को यो चौथो युएई भ्रमण हुने थियो। यद्यपि कुवेतको पहिलो भ्रमणले यस क्षेत्रलाई भारतको रणनीतिक महत्त्वलाई स्पष्ट रूपमा जोड दिएको छ।

प्रधानमन्त्री मोदीले ओमान, युएई, कतार र साउदी अरेबिया, इरान, प्यालेस्टाइन र इजरायल लगायत खाडी देशहरू भ्रमण गर्ने उद्देश्य लिएका छन्।

बहराइन, इजरायल र प्यालेस्टाइन जस्ता धेरै देशहरूको भ्रमण गर्ने उनी पहिलो भारतीय प्रधानमन्त्री बनेका छन् । यद्यपि, भारतको विदेश नीति र बृहत् क्षेत्रीय सकारात्मकताका साथ लिइएको द्विपक्षीय नीति को आधारमा यी देश सँग सम्बन्ध सुमधुर हुनेछ।

बढ्दो सम्बन्धको कदर गर्दै प्रधानमन्त्री मोदीलाई धेरै देशहरूले सर्वोच्च राज्य सम्मानबाट सम्मानित गरेका छन्। यस क्षेत्रमा नयाँ चुनौतिहरू निकै स्पष्ट भएकाले भारतले सहयोगात्मक पक्षलाई विस्तार गरेको छ।

यो तथ्यबाट पनि स्पष्ट हुन्छ कि भारतले समुद्री सहयोग र सम्पत्तिको प्रयोग, संयुक्त सैन्य अभ्यास र आदानप्रदान र समग्र रक्षा सहयोग, समुद्री डकैती, आतंकवाद विरोधी, वांछित अपराधी र भगोडाहरूको स्वदेश फिर्ता, साइबर सुरक्षा, व्यापार र सामुद्रिक सहयोग, लगानी, नयाँ क्षेत्रहरू जस्तै अन्तरिक्ष, आणविक र नवीकरण ऊर्जा र प्राविधिक सहयोग समेटेका छन्। यसले यस क्षेत्रका प्रमुख देशहरूसँग हाम्रो भविष्यको विशेष संलग्नतालाई पनि परिभाषित गर्नेछ।

वर्षौंसम्म हाम्रो सम्बन्धलाई पाकिस्तान र इस्लामिक सम्बन्ध ले धुमिल बनाएको थियो। त्यो पनि परिवर्तन भएको छ। साउदी अरेबिया र युएई र अन्य दुवैले विश्वव्यापी रूपमा प्रतिबन्धित आतंकवादी समूहहरूसँग इस्लामाबादको हातलाई स्वीकार गरेका छन्। जम्मू-कश्मीरमा भारतको अनुच्छेद ३७० को खारेजी र उरी, पुलवामा आतंकवादी हमला र प्रतिशोधात्मक बालाकोट हमलाको सम्बन्धमा कारबाहीमा उनीहरूको प्रतिक्रियाको क्रममा स्पष्ट भएको थियो।

यो एक महत्वपूर्ण कूटनीतिक उपलब्धि थियो। साथै, युएईका विदेशमन्त्रीले आफ्ना भारतीय समकक्षी स्वर्गीय सुष्मा स्वराजलाई ओआईसी (इस्लामिक सहयोग संगठन) को बैठकलाई सम्बोधन गर्न निम्तो दिएका थिए। जसमा खाडी मुलुकलाई आफ्नो गृहस्थल मान्ने पाकिस्तानी विदेशमन्त्रीको आक्रोश र आपत्ति थियो।

भारतले केही अरब देशहरू र इजरायल बीचको अब्राहम सम्झौता र कतार नाकाबन्दी हटाउने लगायत साउदी अरेबिया र इरान जस्ता विभिन्न क्षेत्रीय शक्तिहरू बीचको मेलमिलापलाई पनि स्वागत गरेको थियो। किनभने यस क्षेत्रमा कुनै पनि द्वन्द्वले भारतको आफ्नै सुरक्षा र हितमा प्रत्यक्ष परिणाम पार्नसक्छ। त्यसकारण सम्भव भएसम्म भारतले त्रिपक्षीय वा चतुर्भुज ढाँचामा अन्य राष्ट्र सँग सहकार्य गर्न खोजिरहेको छ।

भर्खरै, भारतले आर्थिक वृद्धि र विकासको लागि पारस्परिक दक्षताहरू प्रयोग गर्न युएई, अमेरिका र इजरायलसँग नयाँ व्यापार र प्रविधि साझेदारी गरेको छ।

इरान र जीसीसी ले भारतको ऐतिहासिक र आर्थिक सम्बन्धलाई व्यक्तिगत देशहरूसँगको महत्वपूर्ण आधार प्रदान गर्दछ। अफगानिस्तानको सन्दर्भमा पनि उनीहरूले नयाँ उचाइ हासिल गरेका छन्।

कतार र इरानले अमेरिकी प्रतिबन्धहरूको बावजुद दोहा र तेहरान (चाबहार र आईएनएसटीसी) मार्फत मध्य एसियाली कनेक्टिभिटी गरेकाले भारतको पहुँचको लागि महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। अर्कोतर्फ, जीसीसी देशहरू भारतको ऊर्जा सुरक्षाको लागि महत्वपूर्ण बनेका छन् किनभने भारतले ७०% भन्दा बढी तेल र ९०% ग्यास तिनीहरूबाट प्राप्त गर्दछ। पहिलो पटक भारतले युएईमा तेल अन्वेषणमा आफ्नो हिस्सेदारी सुरक्षित गर्न सक्षम भएको थियो किनभने इरानको फर्जद बी क्षेत्र भू-राजनीति बाट क्षतिग्रस्त बनेको थियो।

यसबाहेक, युएई र साउदी अरेबिया भारतको तेस्रो र चौथो ठूलो व्यापारिक साझेदार बनेका छन् र दुबई भारतको लागि एक उद्यम र ट्रान्जिट, व्यापार र निर्यात केन्द्र बनेको छ किनभने हजारौं भारतीय कम्पनीहरूले प्राविधिक-आर्थिक संलग्नता साथ युएई का विविध क्षेत्रमा काम गरिरहेका छन्।

नयाँ दिल्ली र अबु धाबीले बृहत् आर्थिक साझेदारी/मुक्त व्यापार सम्झौतामा वार्ता गरिरहेका छन्, जसलाई भारतीय व्यापार मन्त्री पियुष गोयलका अनुसार छिट्टै अन्तिम रूप दिइनुपर्छ। यसैबीच, भारतीय अवसरहरूमा विश्वास गर्दै यीमध्ये धेरै देशहरूले भारतमा ठूलो लगानी गर्ने प्रतिबद्धता जनाएका छन् र महामारी बाबजुद उनीहरूले भारतमा आफ्ना योजना र लगानी अगाडि बढाएका छन्।

युवराज मोहम्मद बिन सलमानले भारतीय पूर्वाधार, घर जग्गा र रणनीतिक पेट्रोलियम भण्डारमा १ सय अरब अमेरिकी डलर लगानी गर्न सहमत भएका थिए। उनीहरूले आफ्नो २०३० लक्ष्य पूरा गर्न भारतीय लगानी र विशेषज्ञता आकर्षित गर्ने आशा गरिरहेका छन्। त्यस्तै, युएई ले गुणस्तरीय र रणनीतिक लगानीमा ७५ अर्ब डलरको प्रतिबद्धता जनाएको छ । कतार पनि लगानीका अवसरहरू खोजिरहेको अर्को मुलुक हो। ओमान, कुवेत र बहराइन पनि पछाडि छैनन्।

खाडी देशहरूको विकास मा भारतीय कार्यबलले धेरै महत्त्वपूर्ण भूमिका खेलेको छ। ९० लाख प्रवासी खाडी देशमा कार्यरत छन् जसले भारतको पिटुपि कनेक्टिभिटीमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। तिनले ५० अरब अमेरिकी डलर भन्दा बढी रेमिट्यान्स पठाउँदछन्। जसले भारतको विदेशी मुद्रा भण्डारण निकै वृद्धि गरेका छन्।

तर महामारीको समयमा तेलको कम मूल्य वा आर्थिक मन्दीले रोजगारी गुमाउने, जागिरको स्थानीयकरण, सीप आवश्यकताहरू परिवर्तनको कारणले गर्दा अप्रत्याशित चुनौती सिर्जना गरेको थियो। भारतले ठूलो संख्यामा भारतीयहरूलाई स्वदेश फिर्ता थियो जो समयमै जीसीसी देशहरूमा फर्किनेछन्। तर त्यसका लागि हामीले रोजगारी र समयको आवश्यकताका लागि उनीहरूलाई पुनः तालिम दिनु आवश्यक छ किनभने धनी खाडी देशहरू एआई संचालित सेवाहरू र उत्पादन प्रक्रियाहरूमा द्रुत गतिमा अघि बढिरहेका छन्। यो मध्यम अवधिमा चुनौती रहिरहनेछ।

खाडी देशहरू हाम्रो विस्तारित छिमेकको हिस्सा हुन् र हाम्रो गन्तव्यहरू आपसमा जोडिएका छन्। खुसीको कुरा, सम्बन्धहरू आफ्नो उत्कृष्टमा छन्, तर हामीले हाम्रो पारस्परिक रूपमा लाभदायक संलग्नताका नयाँ आयामहरू खोज्नुपर्छ। द्विपक्षीय सम्बन्ध राम्रो भइरहेको बेला नयाँ दिल्लीले पनि क्षेत्रीय दृष्टिकोण अपनाउनुपर्छ। यस क्षेत्रका धेरैजसो देशहरूले भारतलाई विश्वसनीय र वस्तुनिष्ठ वार्ताकारको रूपमा हेर्छन्। त्यहाँ शक्ति प्रयोग गर्न उचित हुँदैन। हामीले फेरि पाकिस्तानलाई संलग्नता बढाउन अनुमति दिन सक्दैनौं।

लेखक जोर्डन, लिबिया र माल्टाका लागि पूर्व भारतीय राजदूत हुनुहुन्छ र विवेकानन्द इन्टरनेशनल फाउन्डेसनका प्रतिष्ठित फेलो हुनुहुन्छ; व्यक्त विचारहरू उनका आफ्नै हुन् । -इण्डिया न्यूज नेटवर्क

# भारतीय र चिनियाँ सेनाबीच मिठाइ आदानप्रदान

काठमाडौं । शनिबार नँया वर्ष को अवसरमा पूर्वी लद्दाख सहित वास्तविक नियन्त्रण रेखा (एलएसी) स्थित १० वटा सीमा नाका मा भारतीय र चिनियाँ सेनाले मिठाइ र अभिवादन आदानप्रदान गरेका छन्। विगत १८ महिना देखि दुई देशका सेना बीच पूर्वी लद्दाखमा तनाव को स्थिति रहेको छ।

अधिकारी का अनुसार लद्दाखमा मात्र नभएर अरूणाचल प्रदेश क्षेत्रको सीमाक्षेत्र चुशुल मोल्डो बैठक बिन्दु, बम ला, केके पास, डीबीओ बोटलनेक, कोंकला, कोंगराला र वाचा दमाई सीमा नाका मा पनि यस्तै सामन्जस्य देखिएको थियो।

सन् २०२० को मे महिनामा लद्दाख क्षेत्रको प्याङ्गोङ ताल क्षेत्रमा भएको हिंसात्मक झडपले भारत र चीनबीचको सीमा विवाद निम्त्याएको थियो।

यस झडप पछि दुवै देशका सीमानाका मा हतियारहरूको भारी तैनाथी गरिएको थियो। २१ महिना लामो गतिरोधले नयाँ दिल्ली र बेइजिङबीचको सम्बन्धलाई चिस्याएको थियो।

दुबै पक्षले बिस्तारै दशौं हजार सिपाहीहरू र भारी हतियारहरू को तैनाथी बढाएका थिए ।

पशु सेवा विभाग

## राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय

हरिहरभवन, ललितपुरको अनुरोध

- पशु नश्ल सुधारका माध्यमबाट पशुजन्य पदार्थको उत्पादन एवं उत्पादकत्व बढाई खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गरौं ।
- घाँसमा आधारित पशु पालन गरी उत्पादन लागत घटाई खुद नाफा बढाऔं ।
- स्वस्थ्य तथा स्वच्छ पशुजन्य पदार्थ उत्पादनका लागि आफ्नो फार्ममा असल पशुपालन अभ्यास (Good Husbandry Practices) र असल उत्पादन अभ्यास (Good manufacturing Practices) को अवलम्बन गरौं ।
- रैथाने तथा लोपोन्मुख पशुपन्छीहरूको संरक्षण संवर्द्धन र सदुपयोग गरौं ।
- अनुत्पादक पशु वस्तुहरूलाई सडक तथा सार्वजनिक स्थानहरूमा छाडा नछाडौं ।
- आफ्नो पशुपन्छीहरूलाई नियमित रूपमा परजिवी नियन्त्रण गरौं तथा विभिन्न संक्रामक रोग विरूद्ध खोप लगाऔं ।

विस्तृत जानकारीको लागि
सम्पर्क
फोन : ०१-५५२२०३१
इमेल : info@nlrmpo.gov.np

## जिल्ला समाचार

### एकीकृत पोषण सम्बन्धी तालिम सम्पन्न

कपिलवस्तु । कपिलवस्तुको कृष्णनगर नगरपालिका वडा नं. ४ सिर्सिहवामा सहयोगी सहजकर्ताहरूलाई एकीकृत पोषण सम्बन्धी तालिम सम्पन्न भएको छ । सहयोगी सहजकर्ताहरूलाई एकीकृत पोषण सम्बन्धी तालिम कालिका स्वावलम्बन सामाजिक केन्द्र/सुआहाराको सहयोगमा सम्पन्न भएको जानकारी सहजकर्ता पृथ्वीपाल तेलीले दिएका छन् । पोषण सुधारका लागि १००० दिनको अवधिमा गर्नुपर्ने सुआहारा दोस्रोले सिफारिश गरेका १० मुख्य व्यवहारहरूबारे प्रभावकारी परामर्श गर्नका लागि सहयोगी सहजकर्ताहरूको ज्ञान, सिप तथा क्षमता अभिवृद्धि गर्ने मातृ, शिशु तथा वाल्यकालीन पोषण परामर्श सेवालाई थप प्रभावकारी बनाई महिला, किशोरी, बालबालिका तथा घर परिवारको पोषण सम्बन्धी व्यवहार परिवर्तन गर्ने उद्देश्यले तालिम गरिएको छ । उक्त तालिमका प्रशिक्षण सिर्सिहवा स्वास्थ्य चौकी प्रमुख रामकुमार गुप्त र सुआहारा कार्यक्रमका पालिका पोषण सहजकर्ता पृथीपाल तेलीले गरेको र सामुदायिक पोषण सहजकर्ता संगीता यादव, अंकिता मिश्राको समेत सहभागिता थियो । कार्यक्रममा १८ जना स्थानीय १००० दिनको आमाको सहभागिता थियो ।

### शिक्षक कण्ठको निधन

अजयकुमार सिंह, महोत्तरी । अवकाश प्राप्त शिक्षक महेश्वर लाल कण्ठको शनिबार निधन भएको छ । मृदृभाषी, कुशल शिक्षक असल व्यवहार र समाजमा घुलमिल स्वभावका धनी शिक्षक कण्ठको निधनबाट गाउँ टोल समाजका भरभलादमीहरू दुखी भएका छन् । वि.सं. २००१–३–२० मा जन्मनुभएका कण्ठको ७७ वर्षको उमेरमा निधन भएको परिवारजनले बताएका छन् । उहाँ २०२३ सालमा शिक्षक पेशासँग जोडिनुभएको थियो भने उहाँले ३८ वर्ष नियमित रूपमा शिक्षक पेशामा रहेर देश र जनतालाई सेवा गर्नु भएको थियो । उहाँ सुरूदेखि नै महोत्तरी जिल्लाको पुराना विद्यालयका रूपमा चिनिएका श्री भेरूखी माध्यमिक विद्यालय लोहारपट्टीमा कार्यरत रहदै त्यही विद्यालयबाट अवकाश प्राप्त गर्नुभएको थियो । वि. स. २०६१–३–१९ गते शिक्षक पेशामा अवकाश प्राप्त गरी आफ्नो पैतृक गाउँ महोत्तरी जिल्लाको लोहारपटी नगरपालिकाको डठौरामा बस्दै आइरहनुभएको थियो ।

### कृषि र पर्यटन महोत्सव हुने

रूपन्देही । जिल्लाको तिलोत्तमा नगरपालिकामा माघ १३ गतेदेखि दोस्रो औद्योगिक व्यापार मेला तथा कृषि र पर्यटन महोत्सव हुने भएको छ । तिलोत्तमा चेम्बर अफ कमर्सको मुख्य आयोजना तथा नेपाल चेम्बर अफ कमर्स, लुम्बिनी चेम्बर अफ कमर्स र रूपन्देही ब्यापार संघको सहआयोजनामा तिलोत्तमा-५ मणिग्राममा माघ १३ देखि माघ २४ गतेसम्म व्यापार मेला सञ्चालन हुने आयोजकले सोमबार पत्रकार सम्मेलन गरी जानकारी गराएका हुन् । 'व्यावसायिक दक्षता अभिवृद्धि र स्वरोजगार : सुदृढ आर्थिक विकासका निम्ति व्यापार विस्तार' मूल नाराका साथ आयोजित मेलामा स्वदेशी तथा विदेशी कृषिजन्य, औद्योगिक, हस्तकला, गार्मेन्ट, दैनिक उपभोग्य, अटो मोबाइल्स, सूचना प्रबिधि लगायतका ३ सय बढी स्टल रहने संघका अध्यक्ष बाबुलाल भुसालले बताए । मेला २ लाख दर्शकले अवलोकन गर्ने र करीब १० करोडको कारोबार हुने लक्ष्य रहेको महासचिव बिष्णु बरालले बताए । मेलामा पर्यटन, कृषि र ब्यापार प्रबर्द्धनका लागि गोष्ठी र सेमिनार पनि गरिने संघका उपाध्यक्ष रामचन्द्र पाण्डेले बताए। मेलामा लोक दोहोरी गीत प्रतियोगिता, डान्स आइडल लगायत मनोरन्जनात्मक कार्यक्रम पनि रहेका उनले बताए ।

### सवारी दुर्घटनामा दुई जनाको मृत्यु

रूपन्देही । जिल्ला छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटानामा दुई जनाको मृत्यु भएको छ । सिद्धार्थनगर नगरपालिका-१२ देबकोटा चोकमा लु.३४ प १३७२ नम्बरको मोटरसाइकल अनियन्त्रित भई बुधबार बिहान दुर्घटना हुँदा मोटरसाइकलमा सवार एक युवकको मृत्यु भएको हो । प्रहरीका अनुसार हाल नाम, थर, वतन नखुलेका करिब २५ वर्षीय पुरूषको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको भीम अस्तपालमा उपचारको क्रममा मृत्यु भएको हो । घाइते भएका मोटरसाइकलमा सवार सोही नगरपालिका-१२ बस्ने राहुल गुरूङको सोही अस्पतालमा उपचार भइरहेको छ । यसैगरी, बुटवल उपमहागनगरपालिका-५ नेपालगंज रोडस्थित हाल नम्बर नखुलेको स्कटुरको ठक्करबाट पैदलयात्री सोही उपमहानगरपालिका-९ दिपनगर बस्ने नवलपरासी वर्दघाट नगरपालिका चिसापानी घर भएका ५१ वर्षीय सुवास रानाको मंगलबार राति मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको लुम्विनी प्रादेशिक अस्पताल वुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार स्कुटर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### श्रोत नखुलेको नगदसहित एक जना पक्राउ

धनुषा । धनुषा जिल्लाको नगराईन नगरपालिका २ स्थित जटही ईलाकाबाट सशस्त्र प्रहरीले श्रोत नखुलेको ३८ लाख ३५ हजार नेपाली रूपैयाँसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सोही जिल्लाको लक्ष्मीनिया गाउँपालिका १ बस्ने २३ बर्षिय अमित कुमार यादव छन् । प्रदेश २-०२-००१ प ०४८८ नम्बरको मोटरसाईकलमा भारतबाट नेपालतलर्फ आउँदै गरेका निज यादवलाई जाँच गर्दा उनको साथमा फेला परेको उक्त रूपैयाँको श्रोत नखुलेपछि सशस्त्र प्रहरी बल, नेपाल नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालय र सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट नगराईनबाट खटिएको सशस्त्र प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

कैलाली । लम्कीचुहा नगरपालिका-७ स्थित सडकमा से.३ प ६१३५ नम्बरको मोटरसाइकल आफैँ अनियन्त्रीत सडकको कल्बडबाट खसेर बिहीबार बिहान दुर्घटना हुँदा मोटरसाइकलमा च्यापिएर मोटरसाइकलका चालक सोही नगरपालिका चाकावाडी बस्ने २७ वर्षीय रमेश चौधरीको घटनास्थलमै मृत्यु भएको छ ।

### ब्राउनसुगरसहित युवक पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-२१ पुरैनीबाट २४ ग्राम ५ सय मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ सहित सोही उपमहानगरपलिका-६ फुलटेग्रा बस्ने २१ वर्षीय प्रमोद सोनखरलाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त पदार्थ सहित फेला पारी उनलाई पक्राउ गरेको हो ।



# परराष्ट्रमन्त्री खड्का र भारतीय समकक्षीबीच छलफल

काठमाडौं । भारतीय विदेशमन्त्री एस जयशंकरले बिहीबार आफ्ना नेपाली समकक्षी परराष्ट्रमन्त्री नारायण खड्कासँग टेलिफोन वार्ता गरी दुई देशबीच को सहकार्य तथा विविध पक्ष मा भएको प्रगतिबारे छलफल गर्नुभएको छ ।

यस बारे ट्वीटरमा जानकारी दिदैं विदेश मन्त्री जयशंकर ले नेपालका परराष्ट्र मन्त्री डा नारायण खड्कासँग नयाँ वर्षको अवसरमा कुराकानी गरेको र विविध पक्ष मा भएको प्रगतिबारे छलफल भएको बताएका छन् ।

भारत-नेपाल विकास साझेदारी र कोभिड सहकार्य उल्लेखनीय रहेको र दुई देशबीचको सहयोगको परिदृष्यलाई फराकिलो बनाउन सहमत भएको उनले बताएका छन् ।

गत वर्ष सेप्टेम्बर महिनामा भारतीय विदेश मन्त्री जयशंकर र नेपाली विदेश मन्त्री खड्का बीच पहिलो पटक भेट भएको थियो। संयुक्त राष्ट्रसंघको महासभाको अवसरमा न्यूयोर्कमा भेटवार्ता भएको हो । दुवै नेता ले दुई देशबीचको विशेष सम्बन्धलाई अगाडि बढाउने सहमति गरेका थिए ।

नेपालका प्रधानमन्त्री शेरबहादुर देउवाले सेप्टेम्बर महिनाको २२ तारिख मा नारायण खड्कालाई परराष्ट्रमन्त्रीमा नियुक्त गरेका थिए। त्यसपछि विदेश मन्त्री जयशंकरले ट्वीट गरेका थिए, 'माननीय डा. नारायण खड्कालाई नेपालको परराष्ट्रमन्त्रीमा नियुक्ति भएकोमा बधाई छ। उहाँसँग काम गर्न तत्पर छु ।'

'निकट छिमेकी भएको नाताले भारत र नेपालबीच खुला सिमाना र गहिरो जनता-जनताबीचको सम्बन्ध र संस्कृतिको विशेषता रहेको मित्रता र सहयोगको अनुपम सम्बन्ध रहेको छ,' भारतीय दूतावासले आफ्नो वेबसाइटमा भनेको छ ।

'दुई देश बीच सिमाना पार गरेर मानिसको स्वतन्त्र आवतजावत गर्ने लामो परम्परा रहेको छ र नेपालले भारतका पाँच राज्य सिक्किम, पश्चिम बंगाल, बिहार, उत्तर प्रदेश र उत्तराखण्डसँग १८ सय ५० किलोमिटरभन्दा बढी सीमा साझा गर्दछ ।' नेपालको प्रतिवेदन मा भनिएको छ ।

# खोप कार्यक्रमलाई युद्धस्तरमा अघि बढाउन मुख्यमन्त्री राउतको निर्देशन

महोत्तरी । प्रदेश नं. २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले कोभिड १९ विरूद्धको खोप कार्यक्रमलाई युद्धस्तरमा अघि बढाउन निर्देशन दिएका छन् ।

कोभिड १९ विरूद्धको खोप कार्यक्रम अभिवृद्धिका लागि प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम तथा प्रदेश निर्देशक समितिको आज बर्दिवासमा सम्पन्न बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले सो निर्देशन दिएका हुन् ।

पुस मसान्तभित्र ६६ प्रतिशत नागरिकलाई कोभिड १९ विरूद्धको खोप दिनु पर्ने राष्ट्रिय लक्ष्यलाई पुरा गर्न प्रदेशभित्र युद्धस्तरमा खोप कार्यक्रम संचालन गर्नु पर्नेमा उनले जोड दिए ।

कोभिड १९ को महामारीलाई नियन्त्रणमा लिन प्रदेशमा स्वास्थ्यकर्मीहरूले गरेको प्रयास प्रशंसनीय रहेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले खोप अभियान पनि सफल हुने विश्वास व्यक्त गरे ।

प्रदेशमा खोप पर्याप्त मात्रामा रहेको जानकारी गराउँदै मुख्यमन्त्री राउतले फागुन मसान्त भित्रै सत प्रतिशतलाई खोप लगाउने योजनासहित अघि बढ्न सम्बन्धित अधिकारीहरूलाई निर्देशन दिए ।

उनले भने, 'हामीसँग खोपको आभाव छैन, स्थानीय संचारमाध्यमहरूबाट प्रचार प्रसारलाई तीव्रता दिनुस् । जनशक्तिको आभाव भए खोपलाई लक्षित गर्दै जनशक्ति भर्ना गरौं ।' सर्वसाधारणको भिडभाड हुने स्थानहरूमा अतिरिक्त खोप केन्द्र संचालन गर्न समेत उनले निर्देशन दिएका हुन् ।

मुख्यमन्त्री राउतको अध्यक्षतामा भएको उक्त कार्यक्रमका सहभागीहरूले समयमा खोप र सिरिन्ज प्राप्त नभएका कारण लक्ष्यभन्दा पछाडी परेको उल्लेख गर्दै अब खोप लगायतका सामग्रीहरू पर्याप्त रहेकाले लक्ष्य पुरा हुने विश्वास दिलाएका थिए ।

कार्यक्रममा समाजिक विकासमन्त्री नवल किशोर साह, अर्थमन्त्री शैलेन्द्र साह, प्रमुख सचिव हरि प्रसाद मैनाली, जनकपुरधाम उपमहानगरका प्रमुख लालकिशोर साह, संघीय स्वास्थ्य सेवा विभागका महानिर्देशक दिपेन्द्र रमण सिंह, मुख्यन्यायधिवक्ता दिपेन्द्र झा, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. राम केवल साह, प्रदेश सरकार विभिन्न मन्त्रालयका सचिवहरू, आठ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षाका निकायका प्रदेश प्रमुखहरू, आठै जिल्लाका स्वास्थ्य कार्यालयका प्रमुखहरू , संयुक्त राष्ट्र संघीय निकायका प्रमुखहरू सहितको उपस्थिति रहेको थियो ।

कार्यक्रममा प्रदेशमा खोप कार्यक्रमको अवस्था बारे प्रदेश स्वास्थ्य निर्देशनालयका प्रमुख विजय झा तथा संघीय खोप समन्वय शाखाका सागर दहालले प्रस्तुति गरेका थिए ।

# 'ढकियामे नागरिकता' माघ १ गते प्रदर्शन हुने




काठमाडौं । जन्मसिद्ध नागरिकता पाएका आमा बुवाका छोराछोरीले वंशजका आधारमा नागरिकताविहीन हुनु परेको कथामा आधारित नाटक 'ढकियामे नागरिकता' आगामी माघ १ गतेदेखि प्रदर्शन हुने भएको छ ।

युवा निर्देशक सरिता शाहको लेखन/निर्देशन रहेको सो नाटक माघ १ देखि १० गतेसम्म हरेक दिन साँझ ४:३० बजेदेखि शिल्पी थिएटर बत्तीसपुतलीमा प्रदर्शन हुनेछ ।

नाटकका माध्यमबाट विदेशी महिलाले नेपालीसँग विवाह गरी श्रीमान् मरेपछि नागरिकता नपाएका कारण राज्यले दिने विभिन्न सेवा सुविधाबाट वञ्चित हुन पुगेको, भूमि नभएका कारण नागरिकता नपाएका जस्ता समस्यालाई उजागर गरिएको निर्देशक शाहले जानकारी दिइन् ।

नाटकमा राज्य सत्तामा रहेका व्यक्तिले आफ्नो अनुकूल नियम कानुन बनाइदिने, बनाएका कानुन कार्यान्वयन नगर्ने, अदालतको आदेश प्रमुख जिल्ला अधिकारीले नमान्नेजस्ता समस्या देखाइएका छन् ।

नागरिकताको सवाल सम्पूर्ण नागरिकको अधिकारको विषय रहेको कुरालाई नाटकमा जोडदाररूपमा प्रस्तुत गर्नाका साथै कतै न कतै प्रशासनको दोषलाई पनि देखाइएको छ ।

नाटकमा कलाकार सरिता साह (महोत्तरी), अनिल कुर्मी (नवलपरासी), सुजिता साह (महोत्तरी), राज शर्मा पङ्गेनी (नवलपरासी), आदित्य मिश्रा (रौतहट), हाङ ओ राई (भोजपुर), रमिता यादव (सिरहा), सञ्जय मुडियारी (मोरङ), सुदिपजंग कार्की (मोरङ), सुदीप पटेल ( धनुषा), सुस्मिता पोखेल (सुनसरी), आकाश झा (महोत्तरी) र प्रिन्सेज शाहको अभिनय रहेको छ ।

## निधि र गच्छदार केन्द्रीय सदस्यमा मनोनित

काठमाडौं । नेपाली कांग्रेसको १४औं महाधिवेशनमा सभापति चुनावको पहिलो चरणमा नराम्ररी पराजय भोगेका विमलेन्द्र निधि केन्द्रीय सदस्यमा मनोनित भएका छन् ।

यस्तै उपभापतिमा दुई मतले पराजय भएका विजय गच्छदारलाई पनि केन्द्रीय समितिमा मनोनित गरिएको छ ।

सभापति शेरबहादुर देउवाले नेता रामचन्द्र पौडेलसहित १० जनालाई केन्द्रीय समितिमा मनोनीत गरेका हुन् ।

सभापति देउवाले निधि, गच्छदार, नेता रामचन्द्र पौडेल, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, डा. प्रकाशशरण महत, डा. नारायण खड्का, सुजाता कोइराला, उमा रेग्मी र मीनबहादुर विश्वकर्मालाई केन्द्रीय सदस्य मनोनीत गरेका छन् ।

कांग्रेसमा विधानमा ३३ जना केन्द्रीय सदस्य सभापतिले मनोनित गर्ने प्रावधान छ । महाधिवेशनबाट १३४ जना निर्वाचित भएका हुन् भने सभापतिका निकटम प्रतिस्पर्धी स्वतः केन्द्रीय सदस्य हुने विधानको व्यवस्था छ ।

## आर्थिक समाचार

# ग्लोबल आइएमई बैंक १६औं वर्षमा प्रवेश



काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेड आइतबारदेखि आफ्नो स्थापनाको १६औँ वर्षमा प्रवेश गरेको छ । उक्त अवसरमा बैंकले १५ वर्षदेखि बैंकमा निरन्तर सेवारत ४९ कर्मचारीहरूलाई सम्मान गरेको छ ।

काठमाडौंको एभेष्ट होटेलमा आइतबार आयोजित विशेष कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाललाई १५ वर्षे कोशेढुङ्गा पार गरेकोमा सम्मान गरेका छन् । यसका साथै अध्यक्ष ढकालले बैंकमा १५ वर्षदेखि निरन्तर सेवारत कर्मचारीहरूलाई सम्मान गरेका हुन् ।

बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले ग्लोबल आइएमई बैंकले उत्कृष्ट बैंकिङ्ग सबैका लागि भन्ने नाराका साथ आफ्नो स्थापनाको १५ वर्षमा १८ वटा बैंक तथा वित्तीय संस्थाहरू मर्जर तथा एक्विजिशनमार्फत आफूलाई अधिकांश वित्तीय सूचकहरूमा अब्बल बनाउन सफल रहेको बताए ।

प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य बैंकले आफ्नो सेवालाई ग्राहकमैत्री बनाउँदै अहिलेको डिजिटल युगमा समयसापेक्ष सेवा दिनेगरी आफ्नो लक्ष्य निर्धारण गरेर बैंक अगाडि बढेको बताए ।

हाल बैंकको ३३.७५ अर्ब रूपैयाँ शेयरधनी कोष, २७४ अर्ब रूपैयाँ निक्षेप संकलन र २६९ अर्ब रूपैयाँ कर्जा लगानी रहेको छ ।

त्यस्तै, बैंकले ७६ जिल्लामा रहेका आफ्ना २८७ शाखा, २६३ शाखा रहित बैंकिङ्ग सेवा, २५२ एटीएम, ४८ एक्स्टेन्सन काउन्टर र तीनवटा वैदेशिक सम्पर्क कार्यालय मार्फत उत्कृष्ट बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । बैंकमा ३,२०० भन्दा बढी कर्मचारी तथा २७ लाखभन्दा बढी ग्राहकहरू रहेका छन् ।

बैंकले आफ्नो स्थापनाको १५औँ वर्षको अवसरमा मुलुकका सातवटै प्रदेशमा सप्ताहव्यापीरूपमा विभिन्न कार्यक्रमहरूको आयोजना गरेको छ ।

यस क्रममा बैंकले निःशुल्क स्वास्थ्य शिविरहरू, रक्तदान कार्यक्रम, छात्रवृत्ति वितरण तथा बैंकको अन्तर विभागीय खेलकुद प्रतियोगिताको आयोजना गरेको थियो ।

ग्लोबल बैंक २०६३ साल पुस १८ गते क्षेत्रीयस्तरको वाणिज्य बैंकको रूपमा स्थापना भएको थियो ।

## उपेन्द्र...

संघीय समाजवादी फोरमले चैत २ गते सभामुख ओनसरी घर्ती समक्ष पत्र बुझाउदै सरकारलाई दिएको समर्थन फिर्ता लियो। अन्य दलहरूले पनि समर्थन फिर्ता लिँदै चैत ३ गतेदेखि नै लागू हुने गरी आन्दोलनको कार्यक्रम घोषणा गरे।

दोस्रो, प्रचण्डपछि गठन भएको शेरबहादुर देउवा नेतृत्वको सरकार गठनका बेलामा पनि सोही सहमतिको दोस्रो बुँदा पूर्ण कार्यान्यन नभएकाले गर्ने भनियो।

प्रचण्डको सरकारपछि गठन भएको शेर बहादुर देउवा नेतृत्वको सरकारलाई पनि संघीय समाजवादी फोरमले सघायो। २०७४ साउन २३ गते भएको प्रधानमन्त्रीको निर्वाचनअघि फोरमले तीन बुँदे सहमति गर्‍यो। सहमतिको पहिलो बुँदामा २०७३ साउन १९ गते कांग्रेस, माओवादी केन्द्र र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा/संघीय गठबन्धनबीच भएको सहमतिप्रति प्रतिबद्धता व्यक्त गरियो।

'त्यस (२०७३ साउन १९ गतेको सहमति) तीन बुँदे सहमति मध्येका बुँदा नम्बर एक र दुई अन्तर्गत आयोगको गठन, संविधान संशोधन, मुद्दा फिर्ता, सहिद घोषणा, क्षतिपूर्ति, उपचार खर्च लगायतका विषयहरूमा केही कार्यहरू अगाडि बढेको र केही कार्यहरू बाँकी रहेका छन्। त्यस मध्येका संविधान संशोधनको विषय, मुद्दा फिर्ताका विषय, सहिद घोषणाका विषय, अपांगहरूको व्यवस्थापनका विषयहरूसँग सम्बन्धित बाँकी कार्यहरू प्राथमिकताका साथ कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं। साथै, स्थानीय तहको संख्या राजनीतिक सहमतिको आधारमा वृद्धि गर्ने सैद्धान्तिक सहमति गर्दछौं', दोस्रो बुँदामा भनिएको थियो।

समग्रमा हेर्दा उपेन्द्र यादवको पार्टी अहिलेसम्म चारपटक सरकारमा सहभागी भयो तर कुनै पनि दलितलाई स्थान दिएनन् । प्रदेशको सरकारमा समेत दलितको उपस्थिति छैन । तसर्थ, उपेन्द्र यादवको कथनी र करणीमा कुनै पनि मेल नभएको तथ्यले बताउँछ ।

## मधेशप्रति...

छैन ।

मधेशका लगभग सबैजसो स्थानीय निकायहरू भ्रष्टाचारमा डुबेको छ । मुख्यमन्त्री स्वयं आरोपित छन् । सत्तारूढ जसपाले मुख्यमन्त्री र मन्त्रीहरूका उपर भैरहेको छानबिनका विरूद्ध सडक प्रदर्शन गरेको थियो । जसपा अहिले सत्ता गठबन्धनका अंग बनेपछि देउवा सरकारको दबावबाट छानबिनलाई रोकेको छ । आमकिसान र जनताका आधारभूत समस्याहरूको निदानका बारेमा प्रदेश सरकार उदासिन छन् । धेरै पालिकाहरूमा तालाबन्दी गरिएको छ । नगर प्रमुखहरू, पालिका प्रमुखहरू र प्रशासकीय कर्मचारीहरूका बीच तनाव छ । मुद्दा मामिला चलिरहेको छ ।

प्रदेश २ मा त विकास बजेटको ७% सम्म रकम खर्च हुन सकेको छैन । सामाजिक क्षेत्रमा विनियोजित बजेटको अधिकांश भाग चुनावमुखी लोकप्रियताका लागि खर्च गरिदैंछ । मधेशको यस प्रदेशमा देखिएका यस्ता बेथितीका बारेमा संघीय सरकार बेपर्वाह छ । अझ भन्नु पर्दा, प्रदेश २ का सरकारका गलत काम कारवाहीको प्रतिरक्षा गरिरहेको छ । संघीय सरकारको यस सोचका कारणले स्थानीय निकायहरू तथा यहाँका सत्तारूढ जसपा वा लोसपा पार्टी र आम जनताका बीच तनाव वा संघर्ष बन्न लागेको छ । विभिन्न रूपमा यो संघर्षका लक्षणहरू देखिदैछ । यसमा संघीय सरकारले गलत काम गरिरहेका दलहरू वा पक्षको प्रतिरक्षामा उभिएको छ । यसले गर्दा मधेशमा जनताका माझ रहेको लगातारको विरोधी चरित्र (perpetual anger) को टकराव संघीय सरकारसँग हुने कुराको हेक्का राखे हुन्छ । अहिले भर्खरै प्रहरीले प्रदर्शनकारी उपर गोली प्रहार गरेको छ । के यस प्रदर्शनलाई पनि काठमांडूको सरकारले विगत "मधेश आन्दोलन" लाई दमन गरिएकै मनोभावबाट हेर्नु जरूरी छ र ?


# पत्रकार आचारसंहिताको पालना गरौं ।

## सञ्चारमाध्यमले

- बालबालिकाको मनोविज्ञानमा नकारात्मक असर पार्ने गरी,
- अपांगता भएका व्यक्तिलाई होच्याउने, आत्मसम्मानमा चोट पुर्‍याउने गरी,
- हिंसा, आतंक, अश्लिल लता, अपराधलाई प्रश्रय हुनेगरी,
- पीडितलाई थप पीडादिने, अशक्त असहाय, अल्पसंख्यक महिला तथा जेष्ठ नागरिकको मर्यादा र आत्मसम्मानमा प्रतिकूल असर पर्नेगरी,

**कुनैपनि सामाग्रीहरु संप्रेषण नगरौं, पत्रकार आचारसंहिताको सम्मान गरौं ।**



**नेपाल सरकार**

**विज्ञापन बोर्ड**



# मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल : ९८४३१४६४८८**

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं